# विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०८०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका

# २०८०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**प्रकाशक**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© **सर्वाधिकार**
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**फागुन, २०८०**

**प्रकाशित प्रति:** ३०,०००

# हाम्रो भनाइ

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधान प्रदत्त हकको कार्यान्वयन गर्नका लागि बाल अधिकारसम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ एवम् नियमावली २०७७, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ एवम् नियमावली २०७७ लगायतको कानुनी प्रबन्ध भएको छ । हाल विद्यालय शिक्षाको व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न, गुणस्तर अभिवृद्धि गर्न एवम् संस्थागत सक्षमता अभिवृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार र विशेषतः स्थानीय तहले शिक्षा क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । विगतलाई हेर्दा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को संस्थागत सक्षमता अभिवृद्धि गर्ने उद्देश्यअन्तर्गत आर्थिक वर्ष २०५६/०५७ देखि १२ जिल्लामा विकेन्द्रीकृत शैक्षिक योजनाको रूपमा विद्यालय सुधार योजना परीक्षणका रूपमा प्रारम्भ गरी आर्थिक वर्ष २०५८/०५९ देखि देशभरि लैजान प्रयास गरेको पाइन्छ । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को समाप्तिपश्चात् कार्यान्वयनमा ल्याइएका सबैका लागि शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP), विद्यालय क्षेत्र विकास योजना (SSDP) र हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले विद्यालय सुधार योजनालाई एक महत्त्वपूर्ण साधनका रूपमा अङ्गीकार गर्दै आइरहेको छ ।

नेपालको संविधानअनुसार गरिएको राज्यको पुनर्संरचना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको व्यवस्था, विद्यालय शिक्षा क्षेत्र योजनालगायतको परिवर्तित सन्दर्भ र विद्यालय व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहमा रहेको वर्तमान सन्दर्भमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको हालसम्मको अनुभवका आधारमा योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समयसापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता भएकाले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४ लाई परिमार्जन गरी विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०८० तयार गरिएको छ ।

विद्यालय सुधार योजनाको मूल ध्येय विद्यालयको समग्र पक्षको सुधारमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु हो । त्यसैले विद्यालय शिक्षा क्षेत्र योजनाले निर्धारित गरेका उद्देश्य पूरा गर्नका लागि एक महत्त्वपूर्ण सुधार संयन्त्रका रूपमा विद्यालय सुधार योजनालाई आत्मसात् गरिएको छ । सामुदायिक विद्यालयले सरोकारवालाको अर्थपूर्ण सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई प्रोत्साहन गरिएको छ । योजनाको निर्माण र कार्यान्वयन प्रक्रियालाई सहजीकरण एवम् मार्गनिर्देश गर्ने उद्देश्यले प्रस्तुत सहयोगी पुस्तिका तयार गरिएको हो । यस पुस्तिकामा योजनाको सान्दर्भिकता एवम् नीतिगत प्रावधान, योजना निर्माण, कार्यान्वयन र समीक्षा प्रक्रिया एवम् विद्यालय सुधार योजनाको विस्तारित खाका जस्ता पक्षलाई मुख्य विषयवस्तु बनाइएको छ । प्रस्तुत पुस्तिकाले पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजनाको प्रक्रिया एवम् ढाँचालाई निर्देशित गरेको हुँदा सबै विद्यालयले यसै पुस्तिकाद्वारा निर्धारित मार्गदर्शन एवम् कार्यप्रक्रियाअनुसार विद्यालय सुधार योजना निर्माण एवम् प्रभावकारी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

यो पुस्तिका परिमार्जन एवम् अद्यावधिक र प्रकाशन गर्ने कार्यमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्राविधिक सहयोग रहेको छ । यसका लागि योगदान गर्नुहुने सल्लाहकार एवम् JICA Nepal लाई धन्यवाद ज्ञापन गर्दछु । यसको कार्यान्वयनका चरणमा परेको प्रभाव र सुधार गर्नुपर्ने विषयमा पृष्ठपोषण उपलब्ध गराइदिनुहुन स्थानीय तह, विद्यालय, शिक्षाविद् एवम् शिक्षासँग आबद्ध सबैप्रति हार्दिक अनुरोध छ ।

अन्त्यमा, यस पुस्तिकालाई थप प्रभावकारी, उपयोगी बनाउन सम्बन्धित सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

फागुन, २०८०

दीपक शर्मा
महानिर्देशक

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| आ.व. | - | आर्थिक वर्ष |
| प्रअ | - | प्रधानाध्यापक |
| वि.सं | - | विक्रम संवत् |
| विसुयो | - | विद्यालय सुधार योजना |
| विव्यस | - | विद्यालय व्यवस्थापन समिति |
| विक्षेवियो | - | विद्यालय क्षेत्र विकास योजना |
| शिअस | - | शिक्षक अभिभावक सङ्घ |
| विशिक्षेयो | - | विद्यालय शिक्षा क्षेत्र योजना |
| CEHRD | - | Centre for Education and Human Resource Development |
| SESP | - | School Education Sector Plan |
| SSDP | - | School Sector Development Plan |
| SSRP | - | School Sector Reform Plan |

# विषय सूची


परिचय ........ १

पुस्तिकाको उद्देश्य ........ १

**खण्ड क : सान्दर्भिकता र नीतिगत प्रावधान**

१. विद्यालय सुधार योजनाको परिचय ........ ४

२. विद्यालय सुधार योजनासम्बन्धी नीतिगत व्यवस्था ........ ५

**खण्ड ख : विद्यालय सुधार योजना निर्माण प्रक्रिया**

१. विद्यालय सुधार योजना निर्माणका आधार ........ १४

२. योजना चक्र ........ १४

३. योजना चक्रका तीन चरणको विस्तृत विवरण ........ १५

**खण्ड ग : विद्यालय सुधार योजनाको ढाँचा**

१. विद्यालयको परिचय ........ २५

२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया ........ २५

३. विद्यालयको अवस्था विश्लेषण ........ २६

४. योजना निर्माण ........ ४१

५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना ........ ४८

पञ्चवर्षीय योजनामा संलग्न गर्नुपर्ने अनुसूची ........ ५१

विद्यालय सुधार योजना, वार्षिक कार्यान्वयन योजनाको ढाँचा ........ ५१

वार्षिक कार्यान्वयन योजना ........ ५२

**अनुसूची**

अनुसूची १ : विद्यालय सुधार योजनासँग सम्बन्धित सन्दर्भ सामग्रीको सूची/सहयोगी सामग्री ........ ५८

अनुसूची २ : विद्यालय स्वःमूल्याङ्कन रुजुसूची (नमुनाका लागि) ........ ६१

अनुसूची ३ : विद्यालय सुधार योजना लेखाजोखा फाराम ........ ६७

## परिचय

विद्यालय सुधार योजना (School Improvement Plan-SIP) विद्यालयको शैक्षिक गुणस्तर सुधारमा केन्द्रित रही निर्माण गरिने साधन हो । विद्यालयले आवधिक रूपमा विद्यालय सुधार योजना तयार गरी समग्र व्यवस्थापन एवम् सुधार कार्य सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ ।

विद्यालय सुधार योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गर्न र विद्यालयलाई स्वःमार्गदर्शन प्रदान गर्ने उद्देश्यले यो विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०८० तयार गरिएको छ । यस पुस्तिकाको सहजकर्ता स्थानीय तह रहेको छ भने प्रयोगकर्ता विद्यालय हो । यसले विद्यालयलाई योजना तर्जुमा, कार्यान्वयन तथा समीक्षा गर्नका लागि आवश्यक नीतिगत प्रावधान, कार्यविधि, सहयोगी साधन तथा योजना तयारीका लागि मार्गदर्शन प्रदान गर्छ । साथै पुस्तिकाले विद्यालय सुधार योजना प्रक्रियामा सहयोग गर्ने एवम् संलग्न हुने व्यक्ति तथा निकायलाई योजना निर्माण, लेखाजोखा र कार्यान्वयन विधिबारे आवश्यक सूचना प्रदान गर्छ ।

यो पुस्तिका विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ को परिमार्जित संस्करण हो । पुस्तिकालाई यस संस्करणमा समयसापेक्ष अझ सरल, व्यावहारिक एवम् प्रयोगकर्तामैत्री बनाउने प्रयास गरिएको छ ।

विद्यालय सुधार योजना निर्माण, लेखाजोखा र कार्यान्वयनका क्रममा सरोकारवालाबाट प्राप्त पृष्ठपोषणका आधारमा पुस्तिका परिमार्जन गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम (विस २०६६-०७२), विद्यालय क्षेत्र विकास योजना (विस २०७३-०८०) को अनुभव, विद्यालय शिक्षा क्षेत्र योजनाको नीति निर्देश एवम् राज्यको पुनर्संरचना अनुरूप स्थानीय तहका शैक्षिक योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्न यो पुस्तिका परिमार्जन गरिएको हो ।

## पुस्तिकाको उद्देश्य

यस पुस्तिका निर्माणका मुख्य उद्देश्य देहायअनुसार रहेका छन् :

(क) विद्यालय सुधार योजनाको अवधारणा र नीतिगत व्यवस्थासँग परिचित गराउनु
(ख) विद्यालय शिक्षाको अवस्था पहिचान, प्राथमिकता निर्धारण र योजनामा आवद्ध गर्नु
(ग) विद्यालय सुधार योजना प्रक्रिया सम्बन्धमा मार्गदर्शन प्रदान गर्नु
(घ) विद्यालय सुधार योजनाको आवश्यक ढाँचा प्रदान गर्नु

# खण्ड क

# सान्दर्भिकता र नीतिगत प्रावधान

यस खण्डमा दुईओटा उपखण्ड छन् । पहिलो उपखण्ड ***विद्यालय सुधार योजनाको परिचय***अन्तर्गत विद्यालय सुधार योजनाको अवधारणा, विकासक्रम र सान्दर्भिकतालगायतका विषयवस्तु समावेश गरिएको छ । यसैगरी दोस्रो उपखण्ड ***विद्यालय सुधार योजनासम्बन्धी नीतिगत व्यवस्था***अन्तर्गत विद्यालय सुधार योजनाको दायरा, स्वरूप, विद्यालय सुधार योजना र अन्य सरकारी योजनाबिचको सम्बन्ध, विद्यालय सुधार योजना र विद्यालयका अन्य दस्तावेजबिचको अन्तरसम्बन्ध, भूमिका र जिम्मेवारी, स्रोत व्यवस्थापन र योजना निर्माण क्षमता विकाससम्बन्धी विषयवस्तु समेटिएका छन् ।

# १. विद्यालय सुधार योजनाको परिचय

## १.१ अवधारणा

विद्यालय सुधार योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय (Better school), राम्रो शिक्षण (Better teaching) र राम्रो सिकाइ (Better learning) को सुनिश्चितता प्रदान गर्नु हो । विद्यालय सुधार योजना विद्यालयको आफ्नै पहलमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन हो । विद्यालय शिक्षामा स्थानीय तहको व्यवस्थापकीय नेतृत्व, विद्यालय व्यवस्थापन समिति (विव्यस) को व्यवस्थापकीय भूमिका र सबै सरोकारवालाको सहयोग तथा सहभागितामा विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिनुका साथै समग्र पक्षको सुधारमा केन्द्रित रही विद्यालय सुधार योजना तयार गर्नुपर्छ ।

विद्यालय सुधार योजनाको प्रयोगबाट अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाको सक्रिय सहभागिताको प्रवर्द्धन, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न सहयोग पुग्छ । विद्यालय समुदायको महत्त्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गर्छ । त्यसैले विद्यालय सुधार योजनामा सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त विद्यालयको आन्तरिक स्रोत तथा सबै सहयोगी निकायसँगको समन्वय, साझेदारी र सहकार्यमा विद्यालयलाई प्राप्त हुने सहयोगबाट सम्पादन गर्न सकिने कार्यकलापलाई समेत समावेश गर्नुपर्छ । यसका साथै योजनामा बजेट बिना र कम बजेटमा गर्न सकिने कार्यकलापमा विशेष जोड दिनु आवश्यक छ ।

## १.२ विकासक्रम

विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक सक्षमतामा सुधार गर्न योजनाबद्ध प्रयास विद्यालय स्तरबाटै गर्नुपर्ने आवश्यकता महसुस गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को सुरुवातसँगै आर्थिक वर्ष (आ.व.) २०५६/०५७ देखि १२ जिल्लामा परीक्षणको रूपमा विद्यालय सुधार योजना निर्माणको प्रारम्भ गरिएको थियो । परीक्षणबाट प्राप्त नतिजाका आधारमा विद्यालय सुधार योजनालाई आ.व. २०५८/०५९ देखि देशव्यापी रूपमा विस्तार गरिएको थियो । शिक्षा ऐन २०२८ (सातौं संशोधन २०५८) तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) ले विकेन्द्रीकृत शैक्षिक योजनाको रूपमा विद्यालयमा आधारित योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनाको व्यवस्था गरेको छ । यसै सन्दर्भमा, सबैका लागि शिक्षा कार्यक्रम (२०६१-२०६६), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८०) मा विद्यालय सुधार योजनालाई महत्त्वपूर्ण साधनको रूपमा निरन्तरता दिइएको छ ।

विद्यालय सुधार योजनासम्बन्धी नीतिगत व्यवस्थाअनुरूप विद्यालयले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्ने गरेका छन् । योजना निर्माणले सरोकारवालाको सहभागिता र क्षमता अभिवृद्धिमा टेवा पुगेको छ । योजना निर्माण, कार्यान्वयन र स्रोत परिचालन जस्ता कार्यमा स्थानीय समुदायको सरोकार, सहभागिता, अपनत्व र जवाफदेहीतामा बढोत्तरी हुँदै आएको छ ।

राज्यको पुनर्संरचनापछि स्थानीय तहबाट विद्यालय शिक्षाका सन्दर्भमा मौलिक खालका योजना निर्माण, कार्यान्वयनमा सहजीकरण, अनुगमन निरीक्षण, नीतिगत प्रबन्ध, स्रोतको व्यवस्थापन गर्दै आएको परिवेश रहेको छ । कतिपय स्थानीय तह र प्रदेश सरकारबाट विद्यालय सुधार योजनालाई आफ्ना नीतिगत व्यवस्थामा समावेश गरी रचनात्मक कार्यक्रम विकास गरी सफलतापूर्वक सञ्चालन गरिरहेका छन् ।

### १.३ सान्दर्भिकता

सबैको पहुँच सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (World Declaration on Education for All 1990) तथा इन्च्योन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG) सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४: "सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्द्धन गर्ने" जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको संविधानले स्थापित गरेको मौलिक हकको कार्यान्वयन गर्न अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५, नियमावली २०७७, बाल अधिकारसम्बन्धी ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ एवम् नियमावली २०७७ लगायतको कानुनी प्रबन्ध भएका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षालगायत अन्य प्रकारको शिक्षासम्बन्धी नीति, कानुन, मापदण्डका अतिरिक्त योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन समेतको अधिकारको व्यवस्था गरेको छ । विद्यालय शिक्षालाई थप गुणस्तरीय बनाउन निरन्तर सुधारको आवश्यकता छ । सुधारलाई व्यवस्थित रूपमा अगाडि बढाउन विद्यालयको विद्यमान अवस्थाको विश्लेषण गर्ने, सुधारका लागि सम्भाव्यताको खोजी गर्ने, प्राथमिकता निर्धारण गर्ने, स्रोत व्यवस्थापनलगायतका कार्यलाई स्पष्ट मार्गचित्रका साथ अगाडि बढाउन विद्यालय सुधार योजना आवश्यक पर्छ । शिक्षाप्रतिको प्रतिबद्धता, संवैधानिक व्यवस्थाको कार्यान्वयन, राज्यको विद्यमान प्रशासनिक संरचना अनुकूलको सहयोग पद्धतिका आधारमा गुणस्तर अभिवृद्धिका लागि योजना निर्माणलाई सहजीकरण गर्ने सन्दर्भमा यो पुस्तिका विकास गरिएको हो ।

## २. विद्यालय सुधार योजनासम्बन्धी नीतिगत व्यवस्था

### २.१ विद्यालय सुधार योजनाको क्षेत्र

विद्यालय सुधार योजना सबै प्रकारका विद्यालय (परम्परागत विद्यालयसमेत) ले अनिवार्य रूपमा निर्माण गर्नुपर्छ । साथै संस्थागत विद्यालयले यस पुस्तिकालाई आधार मानी योजना निर्माण गर्न सक्ने छन् । यस योजनाले विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा माध्यमिक शिक्षा औपचारिक तथा आजीवन सिकाइमा आधारित भई समतामूलक पहुँच र सहभागिता, गुणस्तर र सान्दर्भिकता, सस्थागत क्षमता विकास जस्ता मुख्य उद्देश्यहरू समेट्ने गरी योजना तथा कार्यक्रमका प्राथमिकता निर्धारण गर्नुपर्छ । विद्यालय सुधार योजनालाई व्यवहारिक कार्यान्वयनयोग्य बनाउन देहाय बमोजिमका अन्तरसम्बन्धित विषयक्षेत्रहरूलाई समावेश गर्नुपर्छ ।

(क) भौतिक पूर्वाधार विकास (बालमैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, शौचालय, खानेपानी, फर्निचर)

(ख) शिक्षक पेसागत विकास र सहयोग (शिक्षक कर्मचारीको व्यवस्थापन, विद्यार्थीको सिकाइप्रति उत्तरदायी शिक्षक र पेशागत विकास)

(ग) पाठ्यक्रम कार्यान्वयन विद्यार्थी सिकाइ उपलब्धि मूल्याकन (स्वीकृत पाठ्यक्रमको ढाँचा विधि र प्रक्रिया बमोजिमको सिकाइ र मूल्याङ्कनको सुनिश्चितता)

(घ) समता र समावेशीकरण (वालकालिकाको वैयङ्किक आवश्यकतामा आधारित सहयोग, अपाङ्गता, लैङ्गिक समता एवम् समानता, विनाअवरोध सिकाइ वातावरण भएको विद्यालय वातावरण)

(ङ) गुणस्तरीय शिक्षण सिकाइ व्यवस्थापन (सिकाइ सामग्री व्यवस्थापन, सिकाइ आपूरण र द्रुत सिकाइ, सूचना प्रविधिको प्रयोग, क्षमता विकास र कार्यान्वयन)

(च) जलवायु परिवर्तन, हरित विद्यालय, विद्यालय सुरक्षा, विपद व्यवस्थापन र सिकाइ निरन्तरता (जलबायु उत्थानशील भौतिक संरचना र शिक्षा, हरियाली विद्यालय वातावरण, सुरक्षित स्थान र गुणस्तरयुक्त निर्माण सामग्री, व्यवहार परिवर्तन, विपत् व्यवस्थापन सचेतना, कृत्रिम अभ्यास, प्रतिकार्य योजना, सिकाइ निरन्तरता)

(छ) विद्यालय सुशासन र व्यवस्थापन (विद्यालय तथ्याङ्क, नियमानुसारका समिति गठन, बैठक सञ्चालन, निर्णय प्रक्रिया, गुनासो सुनुवाइ व्यवस्थापन, कार्यान्वयन, पारदर्शिता, सामाजिक परीक्षण, लेखा परीक्षण, समुदायसँगको सम्बन्ध)

(ज) विद्यार्थी सहयोग कार्यक्रम (विद्यार्थी स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्री, परामर्श सेवा, अभिभावकबाट स्थापना भएका अक्षयकोष, थप सहयोग उपलब्ध गराउनुपर्ने वर्गको पहिचान र सहयोगका कार्यक्रमलगायतका)

(झ) संस्थागत क्षमता विकास र कार्यान्वयनको सुनिश्चितता (योजना कार्यान्वयन गर्नका लागि जिम्मेवारी बाँडफाँट, जिम्मेवारीअनुसारको क्षमता विकास, कार्यान्वयन सुनिश्चततताका लागि अनुगमन निरीक्षण)

माथि उल्लेख गरिएका विषयका अतिरिक्त आवधिक शिक्षा योजना, स्थानीय शिक्षा योजनाले अगाडि सारेका विषय र विद्यालय आफैले बनाएको दूरदृष्टिमा आधारित अन्य विषयसमेत समावेश गर्नुपर्ने छ ।

## २.२ विद्यालय सुधार योजनाको स्वरूप

विद्यालयले यस पुस्तिकामा उल्लिखित व्यवस्था, प्रक्रिया र निर्दिष्ट ढाँचाका आधारमा अनिवार्य रूपमा पञ्चवर्षीय योजना निर्माण गर्नुपर्छ । यसरी पाँच वर्षका लागि योजना निर्माण गर्दा पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना समेत समावेश गर्नुपर्छ । विद्यालयले एक पटक पञ्चवर्षीय योजना निर्माण गरेपछि बाँकी चार वर्षको हकमा गत शैक्षिक सत्रको कार्य सम्पादनको समीक्षा गर्दै चालु शैक्षिक सत्रका लागि प्रत्येक वर्ष वार्षिक कार्यान्वयन योजना निर्माण गर्नुपर्छ । वार्षिक कार्यान्वयन योजना सङ्क्षिप्त, व्यावहारिक एवम् कार्यान्वयन योग्य हुनुपर्छ ।

उदाहरणका लागि कुनै विद्यालयले शैक्षिक सत्र २०८० मा पञ्चवर्षीय योजना निर्माण गर्ने हो भने विद्यालयले तयार गर्नुपर्ने योजनाको समयतालिका देहायअनुसारको हुन सक्छ :

**विद्यालय सुधार योजना समयतालिका (नमुना)**

| वर्ष / योजना | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ |
|---|---|---|---|---|---|
| पञ्चवर्षीय योजना/वार्षिक कार्यान्वयन योजना | २०८०-२०८४ का लागि पञ्चवर्षीय योजना निर्माण जसमा २०८० को वार्षिक कार्यान्वयन योजना समेत समावेश गर्ने | २०८१ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०८२ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०८३ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०८४ को वार्षिक कार्यान्वयन योजना निर्माण |

तत्पश्चात् विद्यालयले २०८५-२०९० का लागि पुनः पञ्चवर्षीय योजना निर्माण गर्नुपर्छ ।

## २.३ स्थानीय तहको शिक्षा योजना र विद्यालय सुधार योजनाको सम्बन्ध

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम विद्यालय शिक्षाको व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहमा रहेको छ । आफ्नो स्थानीय तहका लागि शिक्षा समिति गठन गरिएको हुन्छ । स्थानीय तहले बनाएको योजनाले तय गरेका लक्ष्य रणनीति प्राथमिकता शिक्षा योजना विद्यालय सुधार योजनामा प्रतिविम्बित गरेका समस्या, सवाल तथा कार्यक्रमलाई गाउँ/नगर शिक्षा योजनाका माध्यमबाट सम्बोधन गर्नुपर्ने हुन्छ । विशेषतः देहायका बुँदाका आधारमा स्थानीय तहको शिक्षा योजना र विसुयोको सम्बन्ध देखाउन सकिन्छः

(क) शिक्षासम्बन्धी मौलिक हक सुनिश्चितताको मूल दायित्व स्थानीय तहमा रहेको र विद्यालयबाट शिक्षाको सुनिश्चितता र दायित्व पूरा हुने

(ख) स्थानीय तहको शिक्षा योजनाले बनाएका दूरदृष्टि लक्ष्य उद्देश्य नीति रणनीति कार्यनीति क्रियाकलापको कार्यान्वयन र नतिजा प्राप्त गर्ने स्थान विद्यालय हुने

(ग) विद्यालयका लागि स्रोतको आवश्यकता हुने र स्रोतको व्यवस्थापन स्थानीय तहबाट हुने

(घ) विद्यालयले योजना तथा कार्यक्रम बनाउने र विद्यालयका योजना तथा कार्यक्रम स्थानीय तहबाट स्वीकृत हुने

(ङ) स्थानीय तहका शिक्षा योजनाअनुरूप विद्यालयका सुधारका योजना निर्माण एवम् कार्यान्वयन गर्दा दुवै योजना वस्तुनिष्ठ र अनुमानयोग्य हुने

(च) स्थानीय तह र विद्यालयका योजनाको अन्तरसम्बन्धले मात्र दुवै योजना प्रभावकारी हुन सक्ने

(छ) विद्यालयको सामाजिक परीक्षण लगायतको पुनरवलोकन स्थानीय तहबाट हुने

(ज) विद्यालय अनुगमन निरीक्षण स्थानीय तहबाट हुने

## २.४ विद्यालय सुधार योजना र अन्य सरकारी योजनाबिचको सम्बन्ध

विसुयो विद्यालयमा शैक्षिक सुधारको मार्गचित्र हो । विद्यालय तहको योजना भएकाले अन्य सरकारी योजनसँग यसको अन्योन्याश्रित सम्बन्ध हुनुपर्छ । सङ्घ, प्रदेश र स्थानीय सरकारका दीर्घकालीन योजना, आवधिक पञ्चवर्षीय योजना, वार्षिक नीति तथा कार्यक्रम, शिक्षासम्बन्धी आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमसँग विद्यालय योजनाको आबद्धता हुनु जरुरी हुन्छ । हालको विद्यमान अवस्थाको विश्लेषणले प्रतिविम्बित गरेका समस्या, सवाल तथा कार्यक्रमलाई स्थानीय शिक्षा योजनामा सम्बोधन गर्नुपर्छ ।

## २.५ विद्यालय सुधार योजना र विद्यालयका अन्य दस्तावेजबिचको अन्तरसम्बन्ध

विद्यालय सुधार योजना विद्यालयको मुख्य योजना भएकाले विद्यालय शिक्षासँग सम्बन्धित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क (School Level Electronic Excel based IEMIS), विद्यालय सामाजिक परीक्षण, आर्थिक प्रतिवेदन, वार्षिक कार्य तालिका तथा बाह्य सहयोगका लागि तयार पारिने प्रस्तावहरूसँग तालमेल हुनुपर्छ ।

## २.६ भूमिका र जिम्मेवारी

### २.६.१ विद्यालयको भूमिका



विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका लागि संस्थागत रूपमा **"विद्यालय"** र पदीयरूपमा **"प्रधानाध्यापक"** को प्रमुख जिम्मेवारी रहन्छ । योजना निर्माणपूर्व प्रधानाध्यापकले स्थानीय तहसँग समन्वय गरी योजना निर्माणसम्बन्धी अद्यावधिक जानकारी लिनुपर्छ । यस योजना निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक (प्रअ) को संयोजकत्वमा स्थानीय तहको प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक सङ्घ (शिअस) को प्रतिनिधि, शिक्षाप्रेमी एवम् विज्ञ र शिक्षकको प्रतिनिधित्व **"विद्यालय सुधार योजना निर्माण कार्यटोली"** गठन गर्नुपर्छ । विद्यालय सुधार योजना कार्यटोलीका तर्फबाट विद्यमान शिक्षा योजना विशेषत स्थानीय तहको शिक्षा योजना अध्ययन गरी स्थानीय शिक्षा योजनाले अगाडि सारेका मूलभूत अवधारणाको अध्ययन गरी आफ्नो विद्यालयका लागि अनुकूल हुने योजनाको मस्यौदा तयार गर्नुपर्छ । योजना निर्माण प्रक्रियामा विद्यालय सेवाक्षेत्रका सबै सरोकारवाला (शिअस, विद्यार्थी, अभिभावक, स्थानीय समाजसेवी आदि) को सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ ।

विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजनाका लागि बैठक आयोजना गरी बृहत रूपमा छलफल गरी स्वीकृतका स्थानीय तहमा पठाउनुपर्छ । स्थानीय तहले समय तोकेको अवस्थामा सोही समयमा र नतोकेको अवस्थामा प्रत्येक वर्ष जेठ महिनाको अन्तिम हप्ताभित्र र स्थानीय तहमा योजनाको प्रतिअनिवार्य रूपमा पेस गर्नुपर्छ ।

प्रअले विद्यालय सुधार योजनाको कार्यान्वयनमा सबै व्यक्ति, निकायको सहयोग तथा सहकार्यका लागि अग्रणी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नियमित रूपमा योजना कार्यान्वयन अवस्थाको अनुगमन, मूल्याङ्कन एवम् समीक्षा विद्यालय व्यवस्थापन समितिले गर्नुपर्छ ।

### २.६.२ स्थानीय तहको भूमिका

स्थानीय तहले सङ्घीय र प्रदेश कानुन र राष्ट्रिय नीति तथा कार्यक्रम समेतलाई दृष्टिगत गरी विद्यालय सुधार योजनासम्बन्धी नीति निर्माण, सहजीकरण, क्षमता विकास, बजेट व्यवस्थापन, अनुगमन, मूल्याङ्कन र नियमनलगायतका काममा सहजीकरण गर्नुपर्ने हुन्छ ।

स्थानीय तहमा विद्यालय शिक्षा हेर्ने शाखा महाशाखा वा विभागको स्थापना भएका छन । शिक्षा शाखा महाशाखाका तर्फबाट विद्यालयका योजना निर्माण एवम् कार्यान्वयनका लागि सहजीकरण एवम् कार्यान्वयनको अनुगमन हुन्छ । शिक्षा शाखाको भूमिका देहायअनुसार हुने छः

(क) सबै विद्यालयमा विसुयो निर्माण एवम् अद्यावधिक गर्ने व्यवस्था मिलाउने
(ख) विसुयो निर्माण एवम् अद्यावधिक गर्नका लागि क्यालेन्डर बनाउने, क्यालेन्डर बनाउँदा विसुयोको मस्यौदा तयारी, स्थानीय तहमा सुझाव माग गर्ने समय र स्वीकृति गर्नेलगायतको विषय समावेश गर्ने र सोको जानकारी गराउने
(ग) विद्यालय सेवाक्षेत्र निर्धारण गर्ने र कम्तीमा सेवाक्षेत्र भित्रका बालबालिकालाई अध्ययन अवसर सुनिश्चित गर्ने व्यवस्था मिलाउने
(घ) विसुयो निर्माणका लागि क्षमता विकास विज्ञ परिचालन एवम् सहजीकरण गर्ने
(ङ) स्थानीय तहका शिक्षासम्बन्धी विद्यमान नीति, कानुनी प्रावधान, कार्यक्रम र प्राथमिकताको जानकारी दिने
(च) योजनाका आधारमा स्रोत व्यवस्थापन गर्ने प्रणाली कार्यान्वयन गर्ने
(छ) योजना निर्माण र स्वीकृतिका लागि पृठपोषण दिने
(ज) वार्षिक रूपमा कम्तीमा एक पटक योजना कार्यान्वयन समीक्षा र अद्यावधिक गर्ने कार्यशाला वा बैठक आयोजना गर्ने
(झ) सामाजिक परीक्षण मापदण्डका आधारमा स्थानीय तहभित्रका विद्यालयको विवरण सार्वजनिक गर्ने र सुधार गर्नुपर्ने विषयलाई योजनामा समावेश गर्न लगाउने
(ञ) सबै विद्यालयको विसुयोका आधारमा स्थानीय तहको शिक्षा योजना निर्माण एवम् अद्यावधिक गर्ने
(ट) योजना कार्यान्वयनका लागि अनुगमन एवम् सहजीकरण गर्ने

## २.७ विद्यालय सेवा क्षेत्र

विद्यालय सुधार योजना निर्माण गर्दा विद्यालयको सेवा क्षेत्रको स्पष्ट सीमाङ्कन गर्नु आवश्यक हुन्छ। विद्यालय सुधार योजना निर्माण प्रयोजनका लागि निम्नलिखित आधारमा सेवा क्षेत्रको निर्धारण गर्नुपर्ने छ :

(क) विद्यालय नक्साङ्कन कार्य सम्पन्न भएको भए सोहीबमोजिम कायम भएको सेवा क्षेत्रलाई विद्यालयको सेवा क्षेत्र मान्ने ।

(ख) विद्यालय नक्साङ्कन कार्य सम्पन्न नभएको अवस्थामा विद्यालयमा अध्ययन गर्न आउने बहुसङ्ख्यक विद्यार्थी बसोबास गर्ने गाउँ/नगरपालिकाभित्रको वडा वा टोललाई विद्यालयको सेवाक्षेत्र कायम गर्ने । यस्तो निर्णय गर्दा सम्बन्धित वडा समितिको परामर्शमा सबै प्रधानाध्यापक बैठकमा छलफल गरी विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने

## २.८ स्रोत व्यवस्थापन

विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी विद्यालय स्वयम्को हुने छ । यसका लागि विद्यालयले गत आर्थिक वर्षको आम्दानी र खर्च, आगामी वर्ष विद्यालयलाई प्राप्त हुन सक्ने स्रोतको आकलन र विश्लेषण गरी सोहीअनुसार वास्तविकतामा आधारित बजेट तथा कार्यकलाप तय गर्नुपर्छ । सरकारी अनुदानमा मात्र निर्भर नभई विद्यालयले आन्तरिक र बाह्य स्रोत (विभिन्न सङ्घ संस्था एवम् व्यक्ति) बाट समेत बजेट जुटाउनुपर्छ । विद्यालयले कुनै पनि निकायबाट प्राप्त गर्ने विभिन्न प्रकारका अनुदान एवम् सहयोगमा सञ्चालन गरिने कार्यकलापलाई समेत विद्यालय सुधार योजनामा समावेश गरिनुपर्ने छ ।

स्रोत व्यवस्थापन गर्दा विद्यालयमा प्राप्त हुन सक्ने आर्थिक पक्षमा मात्र सीमित नरही विभिन्न स्रोतबाट प्राप्त हुन सक्ने मानवीय तथा भौतिक सहयोग समेत समेटिनुपर्छ । शिक्षण सिकाइ तथा समग्र विद्यालय सुधारका लागि शिक्षकले गर्नुपर्ने र गर्न सक्ने कार्यकलाप विद्यालय सुधार योजनामा समावेश गर्नुपर्छ । न्यून बजेट वा बजेट बिना गर्न सकिने कार्यकलापलाई समेत प्राथमिकताका साथ विद्यालय सुधार योजनामा समावेश गर्नुपर्छ ।

यसका साथै विद्यालयको सेवा क्षेत्र समुदाय विशेषमा पाइने मानवीय एवम् अन्य स्रोतलाई समेत विद्यालय सुधार योजनाले समेटनुपर्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले अङ्गीकार गरेको सिकाइका क्षेत्र विधि शैली र पहुँचका लागि स्थानीय तहमा उपलब्ध स्रोतलाई योजनामा समावेश गरेर विद्यालय समुदायविचको सम्बन्धलाई मजवुत बनाउन सकिन्छ ।

## २.९ योजना निर्माण क्षमता विकास

योजना तर्जुमासम्बन्धी क्षमता अभिवृद्धिका लागि निम्नानुसारका व्यवस्था गरिने छन् :

(क) यो सहयोगी पुस्तिका केन्द्रको वेबसाइटमा विद्यालयका लागि उपलब्ध हुने छ ।

(ख) योजना निर्माण र कार्यान्वयन गर्नका लागि आवश्यकताअनुसार नियमित रूपमा स्रोतकेन्द्रस्तरमा अभिमुखीकरण/अन्तरक्रिया सञ्चालन गरिने छ ।

(ग) विद्यालयले पञ्चवर्षीय योजना निर्माणको समयमा **कम्तीमा दुई दिने** तथा वार्षिक कार्यान्वयन योजना तयारीका लागि हरेक वर्ष **कम्तीमा एक दिने विद्यालयस्तरीय योजना निर्माण कार्यशाला** आयोजना गर्नुपर्ने छ, जसले सरोकारवालाको क्षमता अभिवृद्धिमा टेवा पुर्‍याउँछ ।

(घ) स्थानीय तहले योजना निर्माण र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने विज्ञ तोक्न सक्ने छ। स्थानीय तहबाट नतोकिएको अवस्थामा विद्यालयबाट स्थानीय तहमा उपलब्ध विज्ञहरू परिचालन गरेर योजना निर्माण एवम् कार्यान्वयन गर्न सहयोग लिन सकिने छ।

(ङ) स्थानीय तहमा सञ्चालन गरिने प्रधानाध्यापक बैठकमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन सम्बन्धमा छलफल गर्नुपर्ने छ।

(च) नियमित रूपमा सञ्चालन हुने तालिम तथा अभिमुखीकरणमा विद्यालय सुधार योजनासम्बन्धी विषयवस्तु समावेश हुने छ।

योजना निर्माण क्षमता अभिवृद्धिका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले आवश्यकताअनुसारका सहजीकरण गर्न सक्ने छन्।

# खण्ड ख

# विद्यालय सुधार योजना निर्माण प्रक्रिया

यस खण्डमा मूलतः *विद्यालय सुधार योजना निर्माणका आधार, योजना चक्र* र *योजना चक्रका तीन चरणको विस्तृत विवरण* प्रस्तुत गरिएको छ ।

## १. विद्यालय सुधार योजना निर्माणका आधार

**विद्यालयको आफ्नै पहल,** सरोकारवालासँगको सहकार्य एवम् समन्वयबाट **शिक्षण सिकाइमा सुधार** ल्याउनु विद्यालय सुधार योजनाको **मुख्य उद्देश्य** हो । यसका लागि विद्यालयका सरोकारवालाको अर्थपूर्ण सहभागिता अनिवार्य सर्त हो । विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समीक्षामा विव्यसको भूमिका निर्णायक रहन्छ । विव्यसको सदस्य सचिवको हैसियतले प्रअले योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा समीक्षाका लागि अग्रणी भूमिका निर्वाह गर्नुपर्छ ।

## २. योजना चक्र

विद्यालय सुधार योजना प्रक्रियामा मुख्यतया तीनओटा चरण: योजना निर्माण, कार्यान्वयन र **समीक्षा** रहेका हुन्छन् । यी तीनओटै चरणबिना विद्यालय सुधार योजनाले आफ्नो लक्ष्य हासिल गर्न सक्दैन । त्यसैले योजना निर्माण, कार्यान्वयन र समीक्षालाई एक नियमित प्रक्रियाको रूपमा लिनुपर्छ । योजनाको चक्रलाई देहायअनुसार चित्रमा देखाइएको छ :




**विद्यालय सुधार योजना कार्यान्वयनयोग्य, व्यावहारिक र परिणाममुखी हुनुपर्छ ।** विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनबाट मात्र यसको सार्थकता पूरा हुन्छ । प्रअ, शिक्षक, विव्यस र शिअसले योजना कार्यान्वयनको अवधिमा नियमित रूपमा अनुगमन एवम् समीक्षा गरी आवश्यकताअनुसार परिमार्जन गर्नुपर्छ ।

विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्रको अन्त्य वा नयाँ शैक्षिक सत्रको सुरुवातका बेला गत शैक्षिक सत्रमा तोकिएका कार्यकलाप सम्पन्न भएनभएको समीक्षा गर्नुपर्छ । समीक्षाबाट प्राप्त सिकाइ तथा अनुभवलाई आगामी योजनामा प्रतिविम्बित गर्नुपर्छ ।

योजना निर्माण, कार्यान्वयन र समीक्षाको नियमित प्रक्रियालाई वार्षिक कार्यतालिकाको रूपमा तल प्रस्तुत गरिएको छ :

### विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समीक्षा कार्यतालिका

| महिना<br>गतिविधि | बै | जे | अ | श्रा | भा | आ | का | म | पौ | मा | फा | चै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| योजना निर्माण | कार्यशाला सञ्चालन तथा मस्यौदा लेखन | स्व:लेखाजोखा, पृष्ठपोषण प्राप्ति स्वीकृति र पेस गर्ने | | | | | | | | | | |
| कार्यान्वयन | | | | | | | | | | | | |
| समीक्षा | | | | | | | | | | | | |

## ३. योजना चक्रका तीन चरणको विस्तृत विवरण

### ३.१ योजना निर्माण

विद्यालयले हरेक पाँच वर्षमा पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण गर्नुपर्छ र प्रत्येक वर्ष वार्षिक कार्यान्वयन योजना तयारी गर्नुपर्छ । विव्यसले प्रअको संयोजकत्वमा स्थानीय तहको प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक सङ्घको प्रतिनिधि, शिक्षाप्रेमी एवम् विज्ञ र शिक्षक समेतको प्रतिनिधित्व हुने गरी विद्यालय सुधार योजना निर्माण कार्यटोली गठन गर्नुपर्छ । **विद्यालयका मुख्य सरोकारवाला सम्मिलित कार्यशाला**[१]का माध्यमबाट पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजनाको निर्माण गर्नुपर्छ । पञ्चवर्षीय योजना निर्माण र वार्षिक कार्यान्वयन योजना तयारीका लागि सामान्यतया समान प्रक्रिया अपनाउनुपर्छ । विद्यालय सुधार योजना निर्माण गर्दा देहायअनुसारका कार्य गर्नु आवश्यक छ :

#### ३.१.१ विद्यालय सुधार योजना निर्माण कार्यशालाको तयारी

पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना निर्माणको पहिलो चरणमा विद्यालय स्तरीय कार्यशालाको पूर्व तयारी गर्नु आवश्यक छ । कार्यशाला तयारी स्वरूप विद्यालयको वर्तमान अवस्थासँग सम्बन्धित तथ्याङ्क तालिका निर्माण, विगत योजनाको समीक्षा, लेखापरीक्षण तथा सामाजिक परीक्षणलगायतका प्रतिवेदनहरूको सारांश तयारीमा प्रअले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

#### ३.१.२ विद्यालय सुधार योजना निर्माण कार्यशाला सञ्चालन

विद्यालयले विद्यालय सुधार योजना निर्माण कार्यदल, विव्यस पदाधिकारी, शिअस पदाधिकारी, शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी तथा शिक्षाप्रेमी/समाजसेवीलगायत **सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी** कार्यशाला सञ्चालन गर्नुपर्छ । कार्यशालामा सकेसम्म स्थानीय तहका शिक्षासँग आबद्ध पदाधिकारी र विज्ञहरूलाई आमन्त्रण गर्नुपर्छ ।

सरोकारवालाहरूको सहभागीतामा गरिने कार्यशालालाई बढी भन्दा बढी व्यवहारिक बनाउनुपर्छ । कार्यशालामा विशेषत देहायबमोजिमका प्रश्नहरूमा केन्द्रित रही सुझाव लिनुपर्छ ।

समूहगत छलफलका लागि केही प्रश्नहरू (शिक्षक, शिअस/अभिभावक, विद्यार्थी र विव्यस)

(१) कस्तो विद्यालयलाई राम्रो विद्यालय मान्नुहुन्छ ?

(२) हाम्रो विद्यालयका राम्रा पक्ष के के छन् ?

(३) हाम्रो विद्यालयलाई अझ राम्रो बनाउन के गर्नुपर्छ ?

(४) हाम्रो विद्यालयलाई अझ राम्रो बनाउन के के समस्या तथा चुनौती आउन सक्छन् ?

सरोकारवालाहरूको सहभागीतामा सञ्चालन गरिने कार्यशालालाई परिणाममुखी बनाउन मूलभुतरूपमा लागि

---

*१ पञ्चवर्षीय योजना तयारीका बेलामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा रहेका राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोच २०७९, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८९) विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८, विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० लगायतका मापदण्ड निर्देशिका, कार्यविधि अध्ययन गर्नुपर्छ । कार्यशाला सञ्चालनका लागि उक्त पुस्तिकाहरू सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिने छ ।*

पञ्चवर्षीय योजना निर्माण र वार्षिक कार्यान्वयन योजना निर्माणका समयमा सञ्चालन गरिने कार्यशालाका विषयवस्तु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### विद्यालय सुधार योजना निर्माण कार्यशालामा छलफल गर्नुपर्ने विषयवस्तु

| | विषयवस्तु | |
|---|---|---|
| | पञ्चवर्षीय योजना निर्माणका लागि कार्यशाला | वार्षिक कार्यान्वयन योजना निर्माणका लागि कार्यशाला |
| **कार्यशाला अवधि** | कम्तीमा २ दिन | कम्तीमा १ दिन |
| **१. दूरदृष्टि** | १.१ समूहगत छलफलको मूल प्रश्न (शिक्षक, शिअस/अभिभावक, विद्यार्थी र विव्यस) अबको दश वर्षपछि हाम्रो विद्यालयलाई कस्तो बनाउन चाहनुहुन्छ ? सबैबाट प्राप्त भएको सुझावलाई आधारमा मानेर दूरदृष्टि तयार गर्ने । दीर्घकालपछि विद्यालय यस्तो बन्ने छ भन्ने आधारमा नै दूरदृष्टि तयार हुने भएकाले सबैको भावनालाई समेटेर दूरदृष्टि निर्धारण गर्नुपर्छ । | १.१ विव्यसद्वारा विद्यालयको दूरदृष्टि प्रस्तुत गर्ने |
| **२. अवस्था विश्लेषण** | २.१ विद्यालयको वर्तमान अवस्था (यसै पुस्तिकाको खण्ड ग को ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण शीर्षकमा उल्लिखित तालिका-१ देखि ९) प्रस्तुति तथा छलफल<br>२.२ शिक्षक तथा विद्यार्थी उपस्थिति विश्लेषण<br>२.३ सामाजिक/लेखा परीक्षण, विद्यालय अनुगमनका क्रममा दिइएका मुख्य सुझावहरूको प्रस्तुति<br>२.४ विद्यालय अवलोकन<br>२.५ सरोकारवाला विश्लेषण<br>२.६ विद्यालय स्वःमूल्याङ्कन अभ्यास (विद्यालय स्वःमूल्याङ्कनका लागि नमुना रुजुसूची अनुसूची २ मा उल्लेख गरिएको छ) । | २.१ गत शैक्षिक सत्रको प्रगति समीक्षा तथा सिकाइ आदान प्रदान गर्ने<br>२.२ शिक्षक तथा विद्यार्थी उपस्थिति विश्लेषण<br>२.३ सामाजिक/लेखापरीक्षण, विद्यालय अनुगमनका क्रममा दिइएका मुख्य सुझावहरूको प्रस्तुति<br>२.४ विद्यालय स्वःमूल्याङ्कन अभ्यास |
| **३. योजना निर्माण** | पञ्चवर्षीय योजना<br>३.१ उद्देश्य<br>३.२ आवश्यकताको पहिचान एवम् प्राथमिकीकरण<br>३.३ लक्ष्य निर्धारण<br>३.४ कार्यकलाप पहिचान | ३.१ चालु वर्षको लक्ष्य निर्धारण<br>३.२ बजेट अनुमान<br>३.३ चालु बर्षको विस्तृत वार्षिक कार्यकलाप र बजेट |

| | विषयवस्तु | |
|---|---|---|
| | पञ्चवर्षीय योजना निर्माणका लागि कार्यशाला | वार्षिक कार्यान्वयन योजना निर्माणका लागि कार्यशाला |
| | ३.५ स्रोत पहिचान<br>पहिलो वर्षको कार्यान्वयन योजना<br>३.६ विस्तृत वार्षिक कार्यकलाप र बजेट<br>३.७ वार्षिक कार्यतालिका<br>३.८ अनुगमन योजना | ३.४ वार्षिक कार्यतालिका<br>३.५ अनुगमन योजना |
| **४. कार्यतालिका तयारी** | ४.१ पञ्चवर्षीय योजना निर्माणका बाँकी कार्यको कार्यतालिका निर्धारण | ४.१ वार्षिक कार्यान्वयन योजना तयारीका बाँकी कार्यको कार्यतालिका निर्धारण |

### ३.१.३ मस्यौदा लेखन, लेखाजोखा, स्वीकृति र सम्प्रेषण

**पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना** मस्यौदा लेखन, लेखाजोखा र स्वीकृति गर्ने प्रक्रिया समान प्रकृतिको हुन्छ ।

(क) विद्यालय सुधार योजना निर्माणका लागि सञ्चालित कार्यशालामा भएको छलफल र कार्यशालाका सुझावलाई प्रतिविम्बित हुने गरी विद्यालय सुधार योजना निर्माण कार्यदलले विद्यालय सुधार योजनाको मस्यौदा तयार गर्ने

(ख) विद्यालयबाट प्राप्त भएका मस्यौदा अध्ययन एवम् लेखाजोखाका लागि स्थानीय तहले शिक्षा शाखा प्रमुख, कम्तीमा एक जना विज्ञ र सम्बन्धित विद्यालयको प्रधानाध्यापक (प्रअ) रहेको योजना लेखाजोखा समिति (Appraisal Committee) गठन गर्न सक्ने छ ।

(ग) कारणवश मूल्याङ्कन समिति गठन नभएको अवस्थामा स्थानीय तहको शिक्षा शाखाबाट मस्यौदा अध्ययन गरी सुझाव दिनुपर्छ ।

(घ) प्रअले स्थानीय तहको शिक्षा शाखा प्रमुखसँग समन्वय गरी मस्यौदाको Soft Copy वा Hard Copy उपलब्ध गराउनुपर्ने छ ।

(ङ) लेखाजोखा समिति (Appraisal Committee) ले देहायका आधारमा योजनाको लेखाजोखा गर्न सक्ने छ ।

## योजना मस्यौदाको लेखाजोखा गर्दा ध्यान दिनुपर्ने बुँदा

| क्र.स. | आधार | छ वा छैन |
|---|---|---|
| (क) | **संरचना :** के विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८० मा निर्धारित ढाँचाअनुसार विद्यालय सुधार योजना तयार भएको छ ? | |
| (ख) | **तथ्याङ्क विश्लेषण र योजनाको सम्बन्ध :** उपयुक्त तरिकाले तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण भएको छ ? सोको आधारमा योजना निर्माण भएको छ ? | |
| (ग) | **सम्भाव्यता :** के योजना उपलब्ध आर्थिक स्रोत, मानवीय स्रोत एवम् कार्यान्वयन समयको हिसाबले कार्यान्वयन योग्य छ ? | |
| (घ) | **शैक्षिक गुणस्तर :** के योजनामा शैक्षिक गुणस्तर सुधारका कार्यकलाप जस्तैः सिकाइ उपलब्धि सुधार, शिक्षक विद्यार्थी नियमितता, शैक्षिक सामग्रीको प्रयोग, सिकाइमा प्रविधिको प्रयोग सिकाइका लागि विद्यार्थी मूल्याङ्कन आदि समावेश गरिएको छ ? | |
| (ङ) | **बजेट विना वा कम बजेटमा गर्न सकिने कार्यकलापः** के योजनामा बजेट बिना वा कम बजेटमा गर्नसकिने कार्यकलाप समावेश भएका छन् ? | |
| (च) | **सामाजिक पक्षः** योजनामा समता र समावेशीकरण, सामाजिक विविधता, अपाङ्गता भएका बालबालिकाको आवश्यकता, बालमैत्री वातावरण आदि पक्षको प्रवर्द्धनमा ध्यान दिइएको छ ? | |
| (छ) | **प्रतिविम्बीकरण पक्षः** योजनामा विगतका अनुभवबाट प्राप्त सिकाइ एवम् सरोकारवालाको धारणा प्रतिविम्बित भएको छ ? | |
| (ज) | **विद्यालयको वातावरण पक्षः** योजनामा वालवालिकाका लागि आवश्यक पर्ने सुरक्षित भौतिक पूर्वाधार विपत् व्यवस्थापन हरित विद्यालय व्यवस्थापनका विषय समेटिएका छन् ? | |
| (झ) | **सुसाशन पक्षः** सामाजिक परीक्षण, गुनासो सुनुवाइ, सूचनापाटीको व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घको भूमिका तोकिएको छ ? | |
| (ञ) | **कार्यान्वयन पक्षः** के योजना कार्यान्वयनका लागि जिम्मेवारी बाँडफाँट, अनुगमन र सहजीकरण र अद्यावधिक गर्ने विषय समेटिएको छ ? | |

(च) लेखाजोखा समिति (Appraisal Committee) ले प्राप्त योजना स्वीकृतिका लागि लेखी पठाउने वा सुझावसहित विद्यालयमा पठाउन सक्ने छ ।

(छ) स्थानीय तहबाट योजनाका विषयमा सुझाव लिनका लागि शिक्षा विकास तथा समन्वय एकाइमा पठाउन सक्ने छ ।

(ज) लेखाजोखा समिति सुझावसमेत प्राप्त गरी विद्यालय व्यवस्थापन समितिको बैठक आयोजना गर्ने र बैठकमा कार्यदलका अन्य सदस्यसमेत समेत उपस्थित हुने व्यवस्था मिलाउने र विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्ने छ ।

(झ) विद्यालय सुधार योजनाको गुणस्तर सुधार गर्न विद्यालयलाई नियमित रूपमा मार्गदर्शन तथा प्राविधिक सहजीकरणको जिम्मेवारी स्थानीय तह शिक्षा शाखाको हो । यसको अलावा स्थानीय तहबाट नियुक्त भएका वा कार्यजिम्मेवारी तोकिएका शिक्षा हेर्ने अधिकारी, वा *योजना लेखाजोखा प्राविधिक समितिद्वारा* योजनाको गुणस्तर परीक्षण गर्न सकिने छ ।

(ञ) विद्यालय सुधार योजना (पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना) को स्वीकृत विव्यसको बैठकबाट गर्नुपर्ने छ । स्वीकृत भएको विद्यालय सुधार योजना स्थानीय तहले समय सीमा तोकेकामा सोहीअनुसार र अन्य अवस्थामा प्रत्येक शैक्षिक सत्रको जेठ मसान्तभित्र स्थानीय तह र अन्य पेस गर्नुपर्ने छ ।

## ३.२ नमुना विद्यालय, प्राविधिक शिक्षा, समावेशी एवम् विशेष विद्यालयमा योजना निर्माणसम्बन्धी विशेष व्यवस्था

नेपाल सरकार, शिक्षा विज्ञान प्रविधि मन्त्रालय वा मातहतका निकाय, प्रदेश सरकार वा स्थानीय तहबाट नमुना विकास, प्राविधिक शिक्षा, समावेशी एवम् विशेष विद्यालय, विज्ञान (भौतिक, रसायन, जीव) प्रवर्द्धनका लागि तोकिएका विद्यालयले समेत यसै योजनालाई आधार मानी योजना निर्माण गर्नुपर्नेछ । यी विद्यालयहरूले योजनाको स्वीकृति गर्नुभन्दा अगाडि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तय गरेका आधारहरू पुगे नपुगेको रुजु गर्नुपर्ने छ ।

## ३.३ योजनाको कार्यान्वयन तथा अनुगमन

विद्यालय सुधार योजना कार्यान्वयन गर्ने विषयमा स्थानीय तहबाट समय समयमा सहजीकरण हुन सक्ने भए तापनि कार्यान्वयन तथा नियमित अनुगमन गर्ने जिम्मेवारी विव्यसको हो । प्रअले विद्यालय सुधार योजनामा उल्लेख गरिएका शिक्षकको उपस्थिति, सिकाइको अवस्था पहिचान, कक्षा शिक्षणका लागि पूर्वतयारी योजना र त्यसको प्रयोग गरे नगरेको र शिक्षण सिकाइको गुणस्तर, विद्यार्थीहरूको उपस्थिति, सम्पूर्ण सुरक्षा स्थिति र सरसफाइ आदि कार्यकलाप कार्यान्वयन गर्ने गराउने र सोको अनुगमन गर्नुपर्छ । यसका लागि प्रअले कुनै कार्यटोली बनाएर वा कुनै शिक्षकलाई निश्चित क्रियाकलापको जिम्मेवारी तोक्न सक्ने छन् । विव्यस, शिअस, शिक्षक र अभिभावकहरूले विद्यालय सुधार योजनामा समावेश भएका विभिन्न क्रियाकलाप सञ्चालनमा सहयोग गर्नुपर्ने छ । साथै विव्यसको नियमित बैठकमा योजनाको प्रगति समीक्षा गरी प्राप्त सिकाइ तथा सवालहरूलाई छलफल गरी आगामी योजनामा प्रतिविम्बित गर्नुपर्छ । विव्यसले विद्यालयसँग समुदाय र अभिभावकको सम्बन्ध स्थापित गर्ने संयोजनकारी भूमिका निर्वाह गर्नुपर्छ ।

बालक्लब, आमासमूह, अन्य समूह तथा समुदायमा आधारित सङ्घसंस्थाले पनि विद्यालयका कार्यकलापको कार्यान्वयन र अनुगमनका लागि जिम्मेवारी लिनुपर्छ ।

## ३.४ समीक्षा

विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना कार्यान्वयनको आवधिक रूपमा प्रगति समीक्षा गरी अभिलेखीकरण गर्नुपर्छ। आवधिक रूपमा गरिने समीक्षाबाट प्राप्त पृष्ठपोषणका आधारमा कार्यकलाप सञ्चालन गर्नुपर्छ । वार्षिक समीक्षाबाट प्राप्त सिकाइले आगामी योजना निर्माण र कार्यान्वयनका लागि सहयोग पुग्छ ।

## ३.५ विद्यालय आर्थिक व्यवस्थापन

### *(क) विद्यालयको समग्र वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन*

विद्यालयले आर्थिक कारोवार गर्दा आर्थिक अनुशासन पालना गर्नुपर्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र र स्थानीय तहले दिएको निर्देशन पालना गर्नुपर्छ। आर्थिक कारोवार गर्दा प्रचलित आर्थिक कानुनको पूर्ण पालना गर्नुपर्छ । विद्यालयको समग्र आर्थिक अनुशासन कायम गर्ने दायित्व प्रधानाध्यापकको हुने छ । विद्यालयको खाता सञ्चालन नियमले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्छ । लेखासम्बन्धी स्रेस्ता खाता किताब लेखा सहायक वा प्रअले तोकेको विद्यालय शिक्षक वा कर्मचारीको जिम्मामा रहने छ। विद्यालयले विद्यालयमा रहेको जिन्सी मालसामानको उचित संरक्षण तथा मर्मत गर्नुपर्छ। जिन्सी मालसामानको जिन्सी खातामा आम्दानी जनाई राख्नुपर्छ। विद्यालयमा आर्थिक अनुशासन कायम गर्ने विषयमा विद्यालय व्यवस्थापन समितिले विद्यालयलाई आवश्यक निर्देशन दिन सक्ने छ ।

### *(ख) खर्च लेखाङ्कन तथा प्रतिवेदन*

विद्यालयले नेपाल सरकारले तोकेको मलेप फाराम वा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको निश्चित फाराम र विद्यालय लेखा निर्देशिकाको अधीनमा रही राख्नुपर्छ। खर्च लेख्दा सोसम्बन्धी बिल भरपाई कागजात निर्णय कागजात समेत राख्नुपर्छ। विद्यालयले आफूले गरेको आर्थिक कारोवारको मासिक त्रैमासिक, चौमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित पालिकामा पेस गर्नुपर्छ। साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको EMIS मा प्रविष्टि गर्नुपर्ने विषय समेत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको समय अवधिभित्र प्रविष्टि गर्नुपर्छ ।

### *(ग) लेखा परीक्षण*

विद्यालयले नेपाल सरकारको स्रोत वा अन्य जुनसुकै स्रोतवाट प्राप्त भएको आम्दानी तथा खर्च भएको रकमको सम्बन्धित स्थानीय तहबाट वा विद्यालयको आन्तरिक लेखा परीक्षकबाट आन्तरिक लेखा परीक्षण गराउनुपर्छ। साथै आफूले गरेको आर्थिक कारोवारको महालेखा परीक्षक कार्यालयवाट वा रजिस्टर्ड लेखा परिक्षकबाट लेखा परीक्षण गराउनुपर्छ। आन्तरिक लेखा परिक्षण वा अन्तिम लेखा परीक्षण गराउने दायित्व प्रधानाध्यापकको हुने छ। आन्तरिक वा अन्तिम लेखा परीक्षण गरे वा नगरेको विषयमा स्थानीय पालिकाले निरीक्षण गर्न सक्ने छ र आवश्यक निर्देशन गर्न सक्ने छ ।

### बेरुजुको लगत तथा बेरुजु फर्स्योट

विद्यालयले आफुले प्राप्त गरेको सवै प्रकारको आम्दानी र आफूले गरेका सबै खर्चको विषयमा आन्तरिक लेखा परीक्षणबाट वा अन्तिम लेखा परीक्षणबाट औंल्याइएको बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र

पेस्की बेरुजुको रूपमा वर्गीकरण गरी त्यसको लगत खडा गर्नुपर्छ। असुल गर्नुपर्ने बेरुजुको हकमा सम्बन्धित व्यक्ति वा संस्थासँग असुल उपर गरी नियमित गर्नुपर्ने बेरुजुको हकमा विद्यालय व्यवस्थापन समितिमा पेस गरी उक्त समितिबाट नियमित गराउनुपर्छ। त्यसै गरी पेस्की बेरुजुको हकमा पेस्की लिनेव्यक्तिवा संस्थासँग प्रमाण कागजात पेस गराई वा प्रमाण कागजात पेस गर्न नसकेको अवस्थामा त्यस्तो व्यक्ति वा संस्थासँग पेस्की लिएको रकम असुल गरि पेस्की फर्छ्योट गर्नुपर्छ । विद्यालयको नाममा निस्केको बेरुजु फर्स्योट गर्ने जिम्मेवारी प्रअको हुने छ ।

## खण्ड ग

# विद्यालय सुधार योजनाको ढाँचा

## (नमुना तालिका र उदाहरण)

यस खण्डमा ***पञ्चवर्षीय योजना*** र *वार्षिक कार्यान्वयन योजना* निर्माणका लागि विषयवस्तुको लेखन, प्रस्तुतीकरण तथा विश्लेषण गर्न व्यावहारिक साधन (Practical tools) का रूपमा नमुना तालिका, तथ्याङ्क प्रस्तुतीकरण र सोसम्बन्धी आवश्यक मार्गदर्शन र सान्दर्भिक उदाहरण प्रस्तुत गरिएको छ :

**पहिलो भाग: पञ्चवर्षीय योजनाको ढाँचा**

**दोस्रो भाग: वार्षिक कार्यान्वयन योजनाको ढाँचा**

## विद्यालय सुधार योजना
# पञ्चवर्षीय योजनाको ढाँचा
(............देखि .......... सम्म)

हाम्रो भनाइ
योजनाको सारांश
विषय सूची

१. विद्यालयको परिचय
   १.१ ऐतिहासिक पृष्ठभूमि
   १.२ भौगोलिक अवस्था
   १.३ विद्यालय रहेको समुदायको बनोट
   १.४ विद्यालय सेवा क्षेत्र
   १.५ विद्यालयमा सञ्चालित कार्यक्रम
   १.६ विद्यालय सेवा क्षेत्रको रैथाने ज्ञान, सिप, शैली
२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया
   २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा
   २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया
३. विद्यालयको अवस्था विश्लेषण
   ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण
   ३.२ मुख्य समस्या र समाधानका उपाय
४. योजना निर्माण
   ४.१ विद्यालयको दूरदृष्टि
   ४.२ उद्देश्य
   ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण
   ४.४ लक्ष्य निर्धारण
   ४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण
   ४.६ पाँच वर्षका लागि बजेट अनुमान
५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना
   ५.१ विस्तृत कार्यकलाप र बजेट
   ५.२ वार्षिक कार्य तालिका
   ५.३ अनुगमन योजना

अनुसूची
१. विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि
२. विद्यालय सुधार योजना स्वीकृतिको निर्णय प्रतिलिपि
३. विद्यालय स्वःमूल्याङ्कन रुजुसूची

# १. विद्यालयको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

स्थानीय शिक्षाप्रेमी तथा विद्यालयका सरोकारवालासँग आवश्यक परामर्श गरी विद्यालय स्थापनाको सन्दर्भ, नामकरण, विकासक्रम एवम् विद्यालय विकासका लागि स्थानीय समुदायबाट उपलब्ध योगदान समेतलाई समेटी विवरणात्मक पृष्ठभूमि तयार गर्ने

## १.२ भौगोलिक अवस्था

स्थानीय तहमा उपलब्ध भौगोलिक नक्सासमेतलाई आधार मानी विद्यालय क्षेत्रको भौगोलिक अवस्था एवम् प्राकृतिक बनोटलाई समेटी नक्सासहितको विवरण तयार गर्ने । विद्यालय क्षेत्र वरिपरि विगतमा घटेका प्राकृतिक विपत्का घटना तथा उक्त घटनाबाट विद्यालय र समुदायलाई परेको असर उल्लेख गर्ने

## १.३ विद्यालय रहेको समुदायको बनोट

विद्यालय रहेको क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, आर्थिक एवम् लैङ्गिक अवस्था समावेश गरी जनसाङ्ख्यिक विवरण प्रस्तुत गर्ने

## १.४ विद्यालयको सेवाक्षेत्र

खण्ड क को पृष्ठ ६ मा उल्लेख गरिएको नीतिगत व्यवस्थाभित्र रही विद्यालयको सेवा क्षेत्र किटान गरी उल्लेख गर्ने

## १.५ विद्यालयमा सञ्चालित कार्यक्रम

विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रम जस्तै प्रारम्भिक बालशिक्षा/पूर्व प्राथमिक देखि कक्षा १२ सम्मको औपचारिक शिक्षा, प्राविधिक शिक्षा, पढदै कमाउँदै विशेष शिक्षा, समावेशी शिक्षा खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, परम्परागत शिक्षा (गुरुकुल, गोन्पा र मदरसा) वा स्थानीय तहबाट कुनै नयाँ कार्यक्रम सञ्चालन भएको अवस्थामा सो समेत उल्लेख गर्ने विद्यालयसँग जोडिएर गरेका अन्य कार्यक्रम समेत समावेश गर्ने

## १.६ विद्यालय सेवा क्षेत्रमा भएको रैथानै ज्ञान, सिप, शैली

बालबालिका आउने समुदायमा पाइने विशिष्ट प्रकारको ज्ञान, सिप र शैली भएमा सोसमेत सामान्य उल्लेख गर्ने

# २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया

## २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

पछिल्लो विद्यालय सुधार योजना कार्यान्यनबाट प्राप्त उपलब्धिहरू, राम्रा पक्ष, सुधारात्मक पक्ष, सिकाइ आदि बुँदागत रूपमा उल्लेख गर्ने

## २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयले अवलम्बन गरेको चरणबद्ध प्रक्रिया (जस्तैः विव्यस बैठकबाट विद्यालय सुधार योजना निर्माण कार्यदल गठन, कार्यदलद्वारा तथ्याङ्क सङ्कलन र विश्लेषण, कार्यशाला सञ्चालन, मस्यौदा तयारी, मस्यौदाउपर सुझाव सङ्कलन, विव्यसमा पेस र स्वीकृति सङ्क्षेपमा उल्लेख गर्ने

# ३. विद्यालयको अवस्था विश्लेषण

## ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

विद्यालयको मौजुदा अवस्थालाई तपसिलबमोजिमका नौओटा क्षेत्रमा उल्लिखित नमुना तालिकामा प्रस्तुतीकरण गरी विश्लेषण गर्नुपर्छ । प्रस्तुत तालिका उदाहरणका रूपमा मात्र प्रस्तुत गरिएको छ । यसमा विद्यालयको आवश्यकताअनुसार थप परिमार्जन गर्न सकिने छ । तल उल्लिखित तालिकामध्ये कक्षागत विद्यार्थी विवरण, शिक्षक विवरण, भौतिक सुविधाको अवस्था र शैक्षिक सामग्रीको विवरणमा तथ्याङ्क प्रस्तुत गर्दा चालु शैक्षिक सत्रको तथ्याङ्क प्रयोग गर्नुपर्ने छ । आन्तरिक सक्षमताको अवस्था, विद्यार्थीको सिकाइ उपलब्धि विवरण, विद्यालय सञ्चालनको अवस्था, विद्यालयको व्यवस्थापकीय प्रबन्ध र आय व्यय विवरणको हकमा चाहिँ गत वर्षको तथ्याङ्क प्रयोग गर्नुपर्ने छ ।

### ३.१.१ कक्षागत विद्यार्थी विवरण

कक्षा ..... देखि ..... सम्म सञ्चालित यस विद्यालयको चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका १ : कक्षागत विद्यार्थी विवरण**

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | ....... | |
| | | छात्रा | छात्र | जम्मा | | | | | |
| १. | प्रारम्भिक बालविकास | | | | | | | | |
| २. | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना | | | | | | | | |
| ३. | कक्षा-१ | | | | | | | | |
| ४. | कक्षा-२ | | | | | | | | |
| ५. | कक्षा-३ | | | | | | | | |
| ६. | कक्षा-४ | | | | | | | | |
| ७. | कक्षा-५ | | | | | | | | |
| | कक्षा १-५ जम्मा | | | | | | | | |

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | ....... | |
| | | छात्रा | छात्र | जम्मा | | | | | |
| ८. | कक्षा-६ | | | | | | | | |
| ९. | कक्षा-७ | | | | | | | | |
| १०. | कक्षा-८ | | | | | | | | |
| | कक्षा ६-८ जम्मा | | | | | | | | |
| ११. | कक्षा-९ | | | | | | | | |
| १२. | कक्षा-१० | | | | | | | | |
| | कक्षा ९-१० जम्मा | | | | | | | | |
| १३. | कक्षा-११ | | | | | | | | |
| १४. | कक्षा-१२ | | | | | | | | |
| | कक्षा ११-१२ जम्मा | | | | | | | | |
| | कक्षा १-१२ को कुल जम्मा | | | | | | | | |

## तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत विद्यार्थी भर्नाको अवस्था, कक्षागत विद्यार्थी सङ्ख्यामा लैङ्गिक सन्तुलन, अपाङ्गता भएका विद्यार्थीहरूको विवरण आदिलाई समेटी विश्लेषणात्मक प्रस्तुति गर्ने

**उदाहरणका रूपमा**

- कक्षा १ मा भर्ना भएका कुल ...... जना विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभवसहित भर्ना भएका विद्यार्थी सङ्ख्या ....जना (.....%) रहेको छ ।
- विद्यालयमा भर्ना भएका कुल ........विद्यार्थीमध्ये .....जना (......%) छात्रा रहेका छन् । छात्र भन्दा छात्राको सङ्ख्या कम/बढी हुनुको कारण ......................हो ।
- अपाङ्गता भएका कुल ....... विद्यार्थीहरूमध्ये ...... सुनाइसम्बन्धी, ........ दृष्टिसम्बन्धी, ........ शारीरिक अपाङ्गता भएका, ....... बौद्धिक अपाङ्गता भएका, .........अनुवंशीय रक्तश्राप (हेमोफिलिया) भएका, अटिजम अपाङ्गता भएका, ....... ....... स्वर बोलाइसम्बन्धी अपाङ्गता, ......... मानसिक वा मानसिक अपाङ्गता भएका ......... श्रवणदृष्टिविहीन अपाङ्गता भएका, ....... तथा बहुअपाङ्गता भएका, ......... अपाङ्गता भएका विद्यार्थी रहेका छन् ।

## ३.१.२ आन्तरिक सक्षमताको अवस्था

विद्यालयको गत शैक्षिक सत्रमा कुल भर्ना भएका विद्यार्थीहरूमध्ये यस शैक्षिक सत्रमा कक्षोन्नति हुने, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने विद्यार्थी सङ्ख्याका आधारमा आन्तरिक सक्षमताको अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका-२ : आन्तरिक सक्षमताको अवस्था**

| कक्षा | गत शैक्षिक सत्रमा भर्ना हुने जम्मा विद्यार्थी सङ्ख्या (क) | कक्षोन्नति हुने सङ्ख्या (ख) | दोहोऱ्याउने सङ्ख्या (ग) | छाड्ने र स्थानान्तरण (घ) घ=(क-ख-ग) | कक्षोन्नति हुने दर (%) ख/क×१०० | दोहोऱ्याउने दर (%) ग/क×१०० | छाड्ने र स्थानान्तरण दर (%) घ/क×१०० |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | | | | | % | % | % |
| १ | ३० | २४ | ४ | २ | ८०% | १३.३% | ६.६% |
| २ | | | | | % | % | % |
| ३ | | | | | % | % | % |
| ४ | | | | | % | % | % |
| ५ | | | | | % | % | % |
| कक्षा १-५ जम्मा | | | | | | | |
| ६ | | | | | % | % | % |
| ७ | | | | | % | % | % |
| ८ | ५० | ४५ | ० | ५ | ९०% | ०% | १०% |
| कक्षा ६-८ जम्मा | | | | | % | % | % |
| ९ | | | | | % | % | % |
| १० | | | | | % | % | % |
| कक्षा ९-१० जम्मा | | | | | % | % | % |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

द्रष्टव्य: उदाहरणका लागि कक्षा १ को आन्तरिक सक्षमता निर्धारण गर्ने तरिका तलको चार्टमा प्रस्तुत गरिएको छ :

**कक्षा १ को आन्तरिक सक्षमता निर्धारण गर्दा (उदाहरणका लागि)**

गत शैक्षिक सत्र कक्षा १ मा ३० जना विद्यार्थी भर्ना भएका थिए

- २४ जना विद्यार्थी यस शैक्षिक सत्र कक्षा २ मा भर्ना भए (कक्षोन्नति हुने सङ्ख्या)
- चार जना विद्यार्थीले १ कक्षामा नै दोहोऱ्याए (दोहोऱ्याउने सङ्ख्या)
- दुई जना विद्यार्थी भर्ना भएनन् (एक जनाले विद्यालय छाड्यो र एक जना छिमेकी विद्यालयमा स्थानान्तरण भयो (छाड्ने र स्थानान्तरण हुने सङ्ख्या)

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत अवस्थाको तुलनात्मक अध्ययन, कक्षोन्नति दर उच्च वा न्यून हुनका मुख्य कारणका साथै कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने सङ्ख्याको अवस्था विश्लेषण गरी प्रस्तुत गर्ने

**उदाहरणका रूपमा**

- कक्षा १ मा गत वर्ष भर्ना भएका कुल ३० जना विद्यार्थीमध्ये ४ जना (१३.३%) ले कक्षा दोहोऱ्याएका छन् । यसको मुख्य कारण कम उमेरका विद्यार्थी भर्ना हुनु रहेको छ ।
- ..........................................

### ३.१.३ विद्यार्थीको सिकाइ उपलब्धि विवरण

यस विद्यालयको गत शैक्षिक सत्रको मार्क लेजर र विद्यार्थीको व्यक्तिगत विवरणका आधारमा देहायको तालिकामा औसत सिकाइ उपलब्धि उल्लेख गरिएको छ :

**तालिका–३ : विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरण**

| कक्षा | विद्यार्थी सङ्ख्या | विषयगत* | | | | | | कक्षागत ** |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | अङ्ग्रेजी | ........ | ........ | ........ | |
| प्रारम्भिक बालविकास | | | | | | | | |
| कक्षा–१ | | | | | | | | |
| कक्षा–२ | | | | | | | | |

| कक्षा | विद्यार्थी सङ्ख्या | विषयगत* | | | | | | कक्षागत ** |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | अङ्ग्रेजी | ........ | ........ | ........ | |
| कक्षा-३ | | | | | | | | |
| कक्षा-४ | | | | | | | | |
| कक्षा-५ | | | | | | | | |
| औसत कक्षा १–५ | | | | | | | | |
| कक्षा-६ | | | | | | | | |
| कक्षा-७ | | | | | | | | |
| कक्षा-८ | | | | | | | | |
| औसत कक्षा ६–८ | | | | | | | | |
| कक्षा-९ | | | | | | | | |
| कक्षा-१० | | | | | | | | |

*विषयगत र **कक्षागत औसत सिकाइ उपलब्धि निकाल्ने तरिका अन्य पृष्ठमा उल्लेख गरिएको छ ।

***द्रष्टव्यः***

१. प्रारम्भिक बाल शिक्षाको हकमा विषयगत रूपमा नभई सफासुग्घर, अन्तरक्रियात्मक व्यवहार, शिष्टाचार/सामाजिकीकरण, पूर्वसाक्षरता क्रियाकलापमा हासिल गरेको उपलब्धिलाई अङ्कमा नभई उत्तम, मध्यम र निम्न अवस्थामा सूचीकृत गरी उल्लेख गर्ने
२. लेटर ग्रडिङ पद्धति अपनाई औसत ग्रेड प्वाइन्ट उल्लेख गर्ने
३. तालिकामा उल्लेख गरिएका विषयबाहेक अन्य विषय विद्यालयले थप गर्न सक्ने छन् ।
४. कक्षा ११, १२ र प्राविधिक तथा व्यवसायिक धारका विद्यालयको हकमा औसत सिकाइ उपलब्धि विश्लेषण गर्नका लागि विद्यालयले सन्दर्भअनुसार छुट्टै तालिका बनाउन सक्ने छन् ।
५. सिकाइका लागि विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्बन गरेका कक्षाको विकास गरिएका पोर्टफोलियोका आधारमा विश्लेषण गर्ने

## तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत, विषयगत, तहगत र समग्र विद्यालयको शैक्षिक उपलब्धिको तुलना गर्ने र शैक्षिक उपलब्धि उच्च वा न्यून हुनाका मुख्य कारण विश्लेषण गरी प्रस्तुत गर्ने

## विषयगत र कक्षागत औसत सिकाइ उपलब्धि निकाल्ने तरिका

*** विषयगत औसत सिकाइ उपलब्धि निकाल्ने तरिका**

कुनै एउटा विषयमा विद्यार्थीहरूले प्राप्त गरेको अङ्क जोड्ने जस्तै कक्षा १ को नेपाली विषयको औसत उपलब्धि निकाल्दा

| रोल नम्बर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा प्राप्ताङ्क | औसत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपालीमा प्राप्त गरेको अङ्क | ६४ | ५० | ७२ | ३३ | २० | ७८ | १० | ३२७ | ३२७/७=४६.७१ |

**** कक्षागत सिकाइ उपलब्धि निकाल्ने तरिका**

जुन कक्षाको औसत सिकाइ उपलब्धि निकाल्ने हो सोही कक्षाको सबै विषयको औसत उपलब्धि निकाल्ने । प्रत्येक विषयको औसत प्राप्ताङ्कलाई त्यही विषयमा परीक्षा दिने विद्यार्थी सङ्ख्याले गुणन गरी सो गुणनफललाई र उक्त कक्षामा प्रत्येक विषयको परीक्षामा सहभागी विद्यार्थीको सङ्ख्याले भाग गर्ने

उदाहरणका लागि विषयगत औसत प्राप्ताङ्कलाई : र परीक्षामा सम्मिलित जम्मा विद्यार्थी सङ्ख्यालाई N मान्दा,

| विषय | नेपाली | अङ्ग्रेजी | गणित | .... | ........ | ..... |
|---|---|---|---|---|---|---|
| प्रत्येक विषयको औसत | $M_1$ | $M_2$ | $M_3$ | $M_4$ | $M_5$ | ..... |
| परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | $N_1$ | $N_2$ | $N_3$ | $N_4$ | $N_5$ | ...... |

$$\text{कक्षागत औसत} = \frac{M_1\times N_1 + M_2\times N_2 + M_3\times N_3 + M_4\times N_4 + M_5\times N_5 + \ldots\ldots}{N_1 + N_2 + N_3 + N_4 + N_5 + \ldots\ldots}$$

## तहगत औसत उपलब्धि निकाल्ने तरिका

औसत तहगत वा पुरै विद्यालयको निकाल्न सकिन्छ । मानौं कक्षा १ देखि ५ सम्मको मात्र निकाल्नु छ भने कक्षाको औसत सिकाइ उपलब्धि निकाल्दा एउटा विषयको औसतलाई $M_1$ मानेकामा यहाँ एउटा कक्षाको औसतलाई $M_1$ मान्ने । त्यसैले कक्षा १ को औसत अङ्कलाई $M_1$ मान्ने, कक्षा २ को औसत $M_2$, .......यसै गरी कक्षा ५ को औसत $M_5$ मान्ने । त्यसै गरी विद्यार्थी सङ्ख्यालाई पनि सोहीअनुरूप नै क्रमशः कक्षा १ को विद्यार्थी सङ्ख्यालाई $N_1$ मान्ने, कक्षा २ को विद्यार्थी सङ्ख्यालाई $N_2$, .......यसै गरी कक्षा ५ को विद्यार्थी सङ्ख्यालाई $N_5$ मान्ने । त्यसपछि माथिकै कक्षाको औसत सिकाइ उपलब्धि निकाल्दा जस्तो सूत्रअनुसार, १–५ को औसत निकाल्ने

## ३.१.४ शिक्षक विवरण

यस विद्यालयमा हाल कार्यरत शिक्षकको तहगत र विषयगत विवरण यसप्रकार छ :

### तालिका–४: शिक्षक विवरण

| तह | सञ्चालित सेक्सन सङ्ख्या | शिक्षक सङ्ख्या | | | | | विषयगत शिक्षक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | | | |
| | | स्वीकृत दरबन्दी | राहत | निजीस्रोत र अन्य | जम्मा | महिला | विषय | सङ्ख्या | |
| प्रारम्भिक बालविकास | | | | | | | | | |
| आधारभूत (कक्षा १-५) | | | | | | | | | |
| आधारभूत (कक्षा ६-८) | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| माध्यमिक (कक्षा ९-१०) | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| माध्यमिक (कक्षा ११-१२) | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

द्रष्टव्य: शिक्षकको नामावली तहगत र विषयगत रूपमा अनुसूचीमा उल्लेख गर्न सकिने छ ।

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा विषयगत शिक्षक विवरण, प्रकार (दरवन्दी/राहत/निजी स्रोत), शिक्षक विद्यार्थी अनुपात आदि समेटी विश्लेषणात्मक विवरण प्रस्तुत गर्ने

## ३.१.५ विद्यालय सञ्चालन अवस्था

यस विद्यालयमा गत शैक्षिक सत्रको विद्यालय सञ्चालनको अवस्था यसप्रकार छ :

**तालिका–५: विद्यालय सञ्चालन अवस्था**

| क्र.स. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १. | विद्यालय खुलेको दिन | | २२० दिनभन्दा बढी |
| २. | पठनपाठन भएको दिन | | न्यूनतम वार्षिक |
| ३. | प्रारम्भिक बाल विकासका विद्यार्थीको औसत उपस्थिति | | न्यूनतम वार्षिक ..... दिन |
| ४. | कक्षा १-५ का विद्यार्थीको औसत उपस्थिति* | | न्यूनतम वार्षिक २१० दिन |
| ५. | कक्षा ६-८ का विद्यार्थीको औसत उपस्थिति | | न्यूनतम वार्षिक २१० दिन |
| ६. | कक्षा ९-१० का विद्यार्थीको औसत उपस्थिति | | न्यूनतम वार्षिक २२० दिन |
| ७. | कक्षा ११-१२ का विद्यार्थीको औसत उपस्थिति | | |
| ८. | विद्यालयमा शिक्षकको औसत उपस्थिति** | % | विद्यालय खुलेको दिनमध्ये ९२% |
| ९. | औसत शिक्षण सिकाइ समय तहगत *** | % | कक्षा १-३= ८१६ घण्टा प्रति कक्षा |
| | | % | कक्षा ४-५= ९३६ घण्टा प्रति कक्षा |
| | | % | कक्षा ६-८= १०२४ घण्टा प्रति कक्षा |
| | | % | कक्षा ९-१०= १०२४ घण्टा प्रति कक्षा |

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा तहगत विद्यार्थीको वार्षिक हाजिरीको तुलना, विद्यालय खुलेको दिन र शिक्षकको हाजिरी लेखाजोखा, पठनपाठन भएको र विद्यालय खुलेको समयको गणना, हाजिरी एवम् विद्यालय पठनपाठनको समय न्यून हुनका मुख्य कारण विश्लेषणलगायतका पक्षलाई समेटी व्याख्यात्मक प्रस्तुति गर्ने

## *वार्षिक औसत उपस्थिति दिन निकाल्ने तरिका

| कक्षा | विद्यार्थी सङ्ख्या | वर्षमा कति दिन, कति जना विद्यार्थी उपस्थित भए ? |
|---|---|---|
| कक्षा-१ | १० | यदि विद्यार्थी १=१४१ दिन, विद्यार्थी २=११२, विद्यार्थी, ३=१३२ ................गरी १० जम्मा विद्यार्थीहरूको वार्षिक उपस्थिति = १, १०२ छ भने, औसत उपस्थिति दिन निकाल्दा जम्मा दिनलाई विद्यार्थी सङ्ख्याले भाग गर्ने (१, १०२/१०=११० दिन) |
| कक्षा-२ | ७ | यदि ७ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ९३४ दिन छ भने, औसत उपस्थिति दिन (९३४/७=................. दिन) |
| कक्षा-३ | ६ | यदि ६ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ७८९ दिन छ भने, औसत उपस्थिति दिन (७८९/६=................. दिन) |
| कक्षा-४ | ६ | यदि ६ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ८७६ दिन छ भने, ................. |
| कक्षा-५ | ५ | यदि ५ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ८९० दिन छ भने, ............. |
| कक्षा १-५ | ३४ | कक्षा १-५ का सबै विद्यार्थीहरूको वार्षिक उपस्थिति ४, ५९१ दिन रहेको छ भने, वार्षिक औसत उपस्थिति दिन ४, ५९१/३४=१३५ दिन हुन्छ । |

$$\text{**औसत शिक्षक उपस्थिति (विद्यालयगत/तहगत) दर प्रतिशतमा} = \frac{\text{शिक्षकहरू उपस्थित भएको जम्मा दिन}}{\text{विद्यालय खुलेको जम्मा दिन} \times \text{जम्मा शिक्षक सङ्ख्या}} \times १००$$

$$\text{**औसत शिक्षण सिकाइ समय (तहगत) दर प्रतिशतमा} = \frac{\text{शिक्षण सिकाइ जम्मा समय (तहगत)}}{\text{समय तालिकाअनुसार शिक्षण सिकाइ गर्नुपर्ने जम्मा समय (तहगत)} \times \text{जम्मा शिक्षक सङ्ख्या}} \times १००$$

शिक्षण सिकाइ समयसम्बन्धी विस्तृत जानकारीका लागि शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४ हेर्नुहोला ।

### ३.१.६ भौतिक सुविधाको अवस्था

यस विद्यालयको हाल रहेको भौतिक सुविधाको अवस्था यसप्रकार छ :

**तालिका–६: भौतिक सुविधाको अवस्था**

| क्र.स. | विवरण | जम्मा सङ्ख्या | पर्याप्तता | | मर्मत/सुधार आवश्यक सङ्ख्या | भूकम्प प्रतिरोधक वा सुरक्षित सङ्ख्या | अपाङ्ग गतमैत्री भए सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | छ (✓) | छैन (✓) | | | |
| १. | विद्यालय भवन | | | | | | |
| २. | प्रारम्भिक बालविकास | | | | | | |
| | २.१ बालविकास केन्द्र/कक्षा | | | | | | |
| | २.२ सिकाइ क्षेत्र (Learning space) | | | | | | |
| | २.३ अलगै खेल मैदान | | | | | | |
| | २.४ प्रारम्भिक वाल विकासका लागि तोकिएको न्यूनतम सक्षमताको अवस्था | | | | | | |
| ३. | कक्षा कोठा | | | | | | |
| ४. | फर्निचर | | | | | | |
| ५. | जम्मा शौचालय | | | | | | |
| | छात्रा शौचालय | | | | | | |
| | WASH Facilities सहितको शौचालय | | | | | | |
| ६. | विद्यालय कम्पाउन्ड, घेराबार | | | | | | |
| ७. | खानेपानी | | | | | | |
| ८. | खेलकुद मैदान | | | | | | |
| ९. | प्रयोगशाला | | | | | | |
| | ९.१ कम्प्युटर/ICT प्रयोगशाला | | | | | | |
| | ९.२ विज्ञान प्रयोगशाला | | | | | | |
| १०. | अध्ययन कक्षसहितको पुस्तकालय | | | | | | |
| ११. | ............................ | | | | | | |

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा विद्यालयमा उपलब्ध भौतिक सुविधाको अवस्था, उपयोग एवम् विद्यालयको आवश्यकता र मौजुदा सुविधाका बिच तालमेलको लेखाजोखा तथा सुविधाको अपर्याप्ततालगायतका पक्षलाई विश्लेषण गरी प्रस्तुत गर्ने । हाल रहेका भौतिक संरचना अपाङ्गतामैत्री, भूकम्प प्रतिरोधी भए/नभएको साथै विद्यालय परिसर, कक्षाकोठा, शौचालय, खानेपानी सुविधा आदिको सरसफाइको अवस्था समेत उल्लेख गर्ने

## ३.१.७ विद्यालयको व्यवस्थापकीय प्रबन्ध

विद्यालयको व्यवस्थापकीय प्रबन्ध (गत शैक्षिक सत्रको अभिलेखमा आधारित) देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका–७ : विद्यालयको व्यवस्थापकीय र शैक्षणिक प्रबन्ध**

| क्र.स. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिको गठन | | | |
| २. | विद्यालय व्यवस्थापन समितिको बैठक | | | वार्षिक पटकः ...... |
| ३. | शिक्षक अभिभावक सङ्घको गठन | | | |
| ४. | शिक्षक अभिभावक सङ्घको बैठक | | | वार्षिक पटकः ...... |
| ५. | गत आ.व.मा सामाजिक परीक्षण | | | |
| ६. | गत आ.व.को लेखा परीक्षण | | | |
| ७. | कक्षागत अभिभावक बैठक तथा परामर्श | | | |
| ८. | वार्षिकोत्सव/अभिभावक भेला | | | वार्षिक पटकः ...... |
| ९. | सरोकारवालाबिच सुनुवाइ कार्यक्रम | | | |
| १०. | शिक्षक आचारसंहिता प्रदर्शन र पालना | | | |
| ११. | विद्यार्थी आचारसंहिता प्रदर्शन र पालना | | | |
| १२. | बाल क्लब गठन र सक्रियता | | | |
| १३. | शिक्षक कर्मचारी बैठक/विषयगत समेत | | | वार्षिक पटकः ...... |
| १४. | विद्यालय अनुगमन | | | वार्षिक पटकः ...... |
| १५. | विव्यस र शिअसबाट विद्यालय अनुगमन | | | वार्षिक पटकः ...... |
| १६. | वार्षिक कार्यपात्रो निर्माण | | | |
| १७. | वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन | | | योजना निर्माण र कार्यान्वयन गर्ने शिक्षक सङ्ख्याः ..... |
| १८. | दैनिक पाठयोजनासहित शिक्षण | | | पाठयोजनासहित शिक्षण गर्ने शिक्षक सङ्ख्याः ..... |

| क्र.स. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १९. | आधारभूत कक्षामा गणीतीय र पठनसीप अभिवृद्धिका लागि योजना र प्रयोग | | | |
| २०. | स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग | | | |
| २१. | सिकार आवश्यकता पहिचान र सहजीकरण | | | |
| २२ | प्राथमिक उपचारको व्यवस्था | | | |
| २२. | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण | | | |
| २३. | विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन | | | |
| २४. | विपत् जोखिम न्यूनीकरणसम्बन्धी कार्यकलाप (विपत् शिक्षा, सम्पर्क व्यक्ति/समूह, सुरक्षाका लागि योजना, आपत्कालीन निकास नक्साङ्कन) | | | |
| २५. | विद्यालय सामाजिक परीक्षण<br>सामाजिक परीक्षणबाट विद्यालयको प्राप्ताङ्क | | | |
| | ........................ | | | |

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा उल्लिखित व्यवस्थापकीय पक्ष सुचारु रहँदा विद्यालयको प्रभावकारितामा पुगेको योगदानको लेखाजोखा गरी प्रस्तुति गर्ने

## ३.१.८ शैक्षिक सामग्रीको विवरण

विद्यालयमा विद्यमान शैक्षिक सामग्रीको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका–८: शैक्षिक सामग्रीको विवरण**

| क्र.स. | सामग्रीका प्रकार | उपलब्धता | | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | उपलब्ध रहेको | उपलब्ध नरहेको | भएको | नभएको | भएको | नभएको |
| १. | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम/सामग्री | | | | | | |
| २. | तहगत पाठ्यक्रम | | | | | | |
| ३. | विद्यार्थीलाई सेटमा पाठ्यपुस्तक | | | | | | |
| ४. | विषयगत शिक्षक निर्देशिका | | | | | | |

| क.स. | सामग्रीका प्रकार | उपलब्धता | | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | उपलब्ध रहेको | उपलब्ध नरहेको | भएको | नभएको | भएको | नभएको |
| ५. | पुस्तकालय | | | | | | |
| ६. | बुककर्नर | | | | | | |
| ७. | खेलकुदका सामग्री | | | | | | |
| ८. | अभिभावक र शिक्षक र विद्यार्थीको | | | | | | |
| ९. | विज्ञान/स्वास्थ्य/शारीरिक विषयका उपकरण/सामग्री | | | | | | |
| १०. | विपत् जोखिम न्यूनीकरणसँग सम्बन्धित सन्दर्भ सामग्री | | | | | | |
| ११. | शिक्षकले स्थानीय स्रोत प्रयोग गरी तयार पारेका शैक्षिक सामग्री | | | | | | |
| १२. | शिक्षक, अभिभावक र विद्यार्थीको सहकार्यमा निर्मित सिकाइ सामग्री प्रदर्शनी | | | | | | |
| १३. | ......................... | | | | | | |

### तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा उल्लिखित सामग्रीको उपलब्धताले पठनपाठनको प्रभावकारितामा पारेको अनुकूल प्रभावको समीक्षा तथा ती सामग्री उपलब्ध नहुनुका मुख्य कारण पहिचान लगायतका विषयहरू समेटी विश्लेषण प्रस्तुत गर्ने

### ३.१.९ आम्दानी र खर्चको विवरण

गत आर्थिक वर्षको विद्यालयको आर्थिक कारोवारको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका–९ : गत आ.व.को आम्दानी र खर्चको विवरण**

| क.स. | बजेट शीर्षक | रकम रू | कैफियत |
|---|---|---|---|
| | **आम्दानीतर्फ** | | |
| | गत आ.व.को मौज्दात | | |
| १. | **सरकारी अनुदान** | | |
| | १.१ तलब भत्ता | | |
| | १.२ छात्रवृत्ति | | |

| क्र.स. | बजेट शीर्षक | रकम रू | कैफियत |
|---|---|---|---|
| | १.३ पाठ्यपुस्तक | | |
| | १.४ विद्यालय सञ्चालन खर्च | | |
| | १.५ भौतिक सुविधा विस्तार | | |
| | १.६ विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | | |
| | १.७ प्रतिविद्यार्थी अनुदान (शिक्षण सिकाइ सामग्री व्यवस्थापन) | | |
| | १.८ .................. | | |
| | जम्मा (१) | | |
| २. | **समुदाय र सङ्घसंस्था** | | |
| | २.१ नगद रकम/सहयोग (चन्दादाताबाट) | | |
| | २.२ जिन्सी सहायता (रकममा परिणत गर्दा) | | |
| | २.३ सामुदायिक वन उपभोक्ता समूह (सावउस) तथा अन्य समूह | | |
| | २.४ गैरसरकारी सङ्घसंस्था (I/NGO) प्राप्त हुने रकम/सहयोग | | |
| | २.५ ........................... | | |
| | जम्मा (२) | | |
| ३. | **विद्यालयको आन्तरिक आम्दानी** | | |
| | ३.१ विद्यालयको आन्तरिक आम्दानी, भाडा आदिबाट उपलब्ध | | |
| | ३.२ शुल्क | | |
| | ३.३ ............. | | |
| | **जम्मा (३)** | | |
| | **कुल आम्दानी** | | |
| | **जम्मा खर्च भएको रकम*** | | |
| | **विद्यालयको कुल मौज्दात रकम** | | |

*गत वर्षको लेखा परीक्षण प्रतिवेदनका आधारमा खर्च उल्लेख गर्ने र वासलात (Balance Sheet) अनुसूचीमा समावेश गर्न सक्ने छन् ।

## तथ्याङ्क विश्लेषण

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा विद्यालयको नियमित आम्दानी खर्चबिचको तालमेल लेखाजोखा, उपलब्ध आयले विद्यालयको आवश्यकता परिपूर्ति गरे नगरेको अवस्था आकलन आदि पक्षलाई समावेश गरी विश्लेषण प्रस्तुत गर्ने

## ३.२ मुख्य समस्या र समाधानका उपाय

उल्लिखित तालिका १ देखि ९ मा प्रस्तुत विद्यालयको वर्तमान अवस्था विश्लेषण, चार प्रश्न तथा विद्यालय स्वःमूल्याङ्कन रुजुसूचीका आधारमा विद्यालयका मुख्य समस्या र समाधानका उपाय देहायको तालिकामा बुदाँगत रूपमा प्रस्तुत गर्ने :

**तालिका–१०: समस्या विश्लेषण सारांश तालिका**

| क्र.स. | क्षेत्र | मुख्य समस्या | समाधानका उपाय |
|---|---|---|---|
| १. | कक्षागत विद्यार्थी विवरण | | १.<br>२. |
| २. | आन्तरिक सक्षमताको अवस्था | | १.<br>२. |
| ३. | विद्यार्थीको सिकाइ उपलब्धि विवरण | तहगत सिकाइ उपलब्धि न्यून हुनु<br>कक्षा १ गणित विषयको औसत सिकाइ न्यून हुनु | १.विद्यार्थी नियमिततामा वृद्धी<br>२.शिक्षण सिकाइ समय वृद्धि<br>३.राम्रो पाठ योजना निर्माण र प्रयोग |
| ४. | शिक्षक विवरण | | १.<br>२. |
| ५. | विद्यालय सञ्चालन अवस्था | | १.<br>२.<br>३. |
| ६. | भौतिक सुविधाको अवस्था | | १.<br>२.<br>३. |
| ७. | विद्यालयको व्यवस्थापकीय प्रबन्ध | | १.<br>२.<br>३. |
| ८. | शैक्षिक सामग्रीको विवरण | | १.<br>२.<br>३. |
| ९. | आम्दानी र खर्चको विवरण | | १.<br>२.<br>३. |

## ४. योजना निर्माण

### ४.१ विद्यालयको दूरदृष्टि

विद्यालयले दीर्घकालीन रूपमा हासिल गर्न चाहेको गन्तव्यबिन्दु पहिचान गरी त्यसलाई दूरदृष्टिको रूपमा (एक वाक्यमा) उल्लेख गर्ने

**केही उदाहरण**

१. विद्यालय उमेरका सबै बालबालिकाको गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गरी नमुना विद्यालयको रूपमा स्थापित हुने छ ।

२. बालकेन्द्रित रचनात्मक सिकाइमार्फत उच्चतम सिकाइ उपलब्धि सुनिश्चित गरी प्रतिस्पर्धी, स्वयम्प्रेरित एवम् लगनशील जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा विकास हुने छ ।

३. सबै प्रकारका विद्यार्थीका लागि सुरक्षित सिकाइ वातावरणमार्फत जीवनोपयोगी एवम् रोजगारउन्मुख शिक्षाको व्यवस्था गर्ने विद्यालयको रूपमा स्थापित हुने छ ।

४. बालमैत्री विद्यालय वातावरण सिर्जना गरी कामप्रति सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्ने उत्कृष्ट थलोका रूपमा विकास हुने छ ।

*(उपर्युक्त दूरदृष्टि उदाहरणका रूपमा मात्र उल्लेख गरिएको हो । विद्यालयले आफ्नो अवस्थाअनुसार विद्यालयको दूरदृष्टि (एक वाक्यमा) निर्धारण गर्ने)*

### ४.२ उद्देश्य

विद्यालयको दूरदृष्टि प्राप्तिका लागि निश्चित उद्देश्य तय गर्नुपर्छ । यदि विद्यालयको दूरदृष्टि "बालकेन्द्रित रचनात्मक सिकाइमार्फत उच्चतम सिकाइ उपलब्धि सुनिश्चित गरी प्रतिस्पर्धी, स्वयम् प्रेरित एवम् लगनशील जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा विकास हुने छ" भएमा,

उदाहरणका लागि केही उद्देश्य

- औसत सिकाइ उपलब्धि वृद्धि गर्ने
- विद्यालय वातावरणलाई सुरक्षित हरियाली एवम् बालमैत्री बनाउने
- विद्यार्थी केन्द्रित सिकाइ वातावरण सिर्जना गर्ने
- विद्यालयका सबै कार्यकलापमा समुदाय/अभिभावकको संलग्नता बढाउने
- ...........................................

### ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण

विद्यालयले योजना अवधिमा सम्बोधन गर्नुपर्ने मुख्य विषय तथा कायीहरूको प्राथमिकता निर्धारण गर्नुपर्छ । यसका लागि देहायअनुसारका बुदाँमा ध्यान दिनु आवश्यक छ :

१. विद्यालयको **दूरदृष्टि** र **उद्देश्य**

२. **विद्यालय स्वःमूल्याङ्कन गर्दा प्राप्त नतिजा**का आधारमा तत्कालै सुधार गर्नुपर्ने अवस्थामा परेका विषय, **सामाजिक परीक्षण र लेखा परीक्षण**लगायत विद्यालय अनुगमन क्रममा दिइएका सुझाव, विद्यालय

सुधार योजना निर्माण कार्यशालामा **चार प्रश्न** (पृष्ठ १० मा उल्लिखित विषयवस्तुअनुसार) को समूहगत छलफलमा **सरोकारवालाबाट प्राप्त सुझाव**

३. विद्यालयको वर्तमान अवस्था विश्लेषणबाट पत्ता लगाइएका **मुख्य समस्या र समाधानका उपाय**

४. विद्यालयको आफ्नै प्रयास तथा विना बजेट र कम बजेटबाट सम्पादन गर्न सकिने कार्यकलाप

उपर्युक्त आधारमा निर्धारण गरिएका प्राथमिकता प्राप्त कार्यलाई देहायअनुसारको तालिकामा प्रस्तुत गर्ने :

**तालिका–११ : प्राथमिकता प्राप्त कार्यको सूची (उदाहरणका लागि)**

| क्र.स. | प्राथमिकता प्राप्त कार्य |
|---|---|
| १. | कक्षा १-५ र कक्षा ६-८ को औसत सिकाइ उपलब्धि वृद्धि |
| २. | विद्यार्थी नियमिततामा वृद्धि (सबै कक्षाको) |
| ३. | शिक्षकले अध्यापन गरेको औसत समय वृद्धि |
| ४. | भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण |
| ५. | ............................ |
| .. | ............................ |

उपर्युक्त प्राथमिकता प्राप्त कार्यलाई योजना निर्माणका लागि (तालिका-१२ : पाँच वर्षका लागि लक्ष्य निर्धारण, तालिका-१३ : पाँच वर्षका लागि प्रस्तावित कार्यकलाप, तालिका-१५: पाँच वर्षका कार्यकलापका लागि बजेट अनुमान, तालिका-१६ : पहिलो वर्षको विस्तृत कार्यकलाप र बजेट, तालिका-१७ : पहिलो वर्षको वार्षिक कार्यतालिका र तालिका-१८ : अनुगमन योजना) उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

## ४.४ लक्ष्य निर्धारण

विद्यालयको समग्र विकासका लागि पाँच वर्षमा गर्नुपर्ने प्राथमिकता प्राप्त कार्यलाई तलको तालिकाबमोजिम लक्ष्य निर्धारण गर्नुपर्छ :

**तालिका–१२ : पाँच वर्षका लागि लक्ष्य निर्धारण (उदाहरणका लागि)**

| प्राथमिकता प्राप्त कार्य | वर्तमान अवस्था (आधार रेखा) | | पहिलो वर्षको लक्ष्य | | पाँच वर्षको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | अनुपात वा प्रतिशत | सङ्ख्या | अनुपात वा प्रतिशत | सङ्ख्या | अनुपात वा प्रतिशत |
| १. औसत सिकाइ उपलब्धि (ग्रेडअनुसार मिलान गर्न सकिने) | | | | | | |
| कक्षा १-५ | - | ५२ | - | ५४ | - | ६२ |
| कक्षा १ को गणित विषय* | | ............ | | ....... | | ....... |
| .......... | | | | | | |

| प्राथमिकता प्राप्त कार्य | वर्तमान अवस्था (आधार रेखा) | | पहिलो वर्षको लक्ष्य | | पाँच वर्षको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | अनुपात वा प्रतिशत | सङ्ख्या | अनुपात वा प्रतिशत | सङ्ख्या | अनुपात वा प्रतिशत |
| कक्षा ६-८ | | ........ | | ........ | | ........ |
| .................. | | | | | | |
| २. विद्यार्थीको औसत हाजिरी | | | | | | |
| कक्षा १-५ | - | ६५ | - | ७० | - | ७५ |
| ................. | ..... | ....... | .... | ...... | .... | .... |
| ३. ................... | | | | | | |
| ४. भूकम्प प्रतिरोधी भवन निर्माण | २ | - | २ | - | ६ | - |
| ५..................... | | | | | | |

*यसै खण्डको तालिका-३ : विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरणमा सिकाइ उपलब्धि न्यून देखिएका कक्षा र विषयहरूलाई लक्षित गरी उल्लेख गर्ने

## ४.५ पाँच वर्षका लागि कार्यकलाप पहिचान

तालिका-१२ मा निर्धारण गरिएको लक्ष्यलाई पूरा गर्नका लागि गर्नुपर्ने कार्यकलाप तय गर्ने । यसरी कार्यकलाप तय गर्दा तालिका-१० मा उल्लिखित समस्या विश्लेषण सारांश तालिकामा सूचीबद्ध मुख्य समस्या र समाधानका उपायलाई सम्बोधन गर्न उपयुक्त कार्यकलाप छनोट गर्नुपर्छ ।

विद्यार्थीको सिकाइइ उपलब्धि वृद्धि गर्न विद्यार्थी, शिक्षक र अभिभावक लक्षित नमुना कार्यकलापको सूची अनुसूची ...... मा उल्लेख गरिएको छ। उपर्युक्त नमुना कार्यकलाप विद्यालय सुधार योजनामा समावेश गर्नका लागि सहजीकरण गर्न प्रअ तालिम आयोजन गर्ने

### तालिका–१३ : पाँच वर्षका लागि प्रस्तावित कार्यकलाप (उदाहरणका लागि)

| क्र.स. | प्राथमिकता प्राप्त कार्य | कार्यकलाप* |
|---|---|---|
| १. | औसत सिकाइ उपलब्धि वृद्धि | १.१ विद्यार्थीको मासिक हाजिरी विश्लेषण र नियमिततामा सुधार** |
| | | १.२ शिक्षक नियमितता** |
| | | १.३ शिक्षण सिकाइ समय वृद्धि** |
| | | १.४ शैक्षणिक योजना निर्माण र प्रयोग (वार्षिक/दैनिक)** |
| | | १.५ स्थानीय शैक्षिक सामग्रीको तयारी र प्रयोग*** |

| क्र.स. | प्राथमिकता प्राप्त कार्य | कार्यकलाप* |
|---|---|---|
| | | १.६ सफा र उपयुक्त सेतो/कालो पाटीको व्यवस्था*** |
| | | १.७ सिकाइ उपलब्धि न्यून रहेका विद्यार्थीका लागि अतिरिक्त सिकाइको व्यवस्था*** |
| | | १.८ प्रअ/विव्यसद्वारा नियमित कक्षा अवलोकन** |
| २. | ..................... ................. | |
| | | |
| | | |
| ३. | | |
| | | |

*बजेटबिना र कम बजेटमा सम्पादन गर्न सकिने सबै खालका कार्यकलाप उल्लेख गर्ने

**बजेटबिना सम्पादन गर्न सकिने कार्यकलाप

***बजेट आवश्यक पर्ने कार्यकलाप

**विद्यालयले बजेटबिना/कम बजेटमा सम्पादन गर्न सक्ने कार्यकलाप (उदाहरणका लागि)**

**प्रअ र शिक्षकबाट**

- शिक्षक विद्यार्थी हाजिरी विश्लेषण तथा उपस्थिति सूचनापाटीमा प्रदर्शन
- कालोपाटी, कुर्सी, डेस्क तथा अन्य फर्निचरको मर्मत तथा सम्भार
- विद्यालयबाहिर रहेका बालबालिकाका अभिभावक (प्रारम्भिक बाल विकास, कक्षा १, .) **अभिमुखीकरण**
- **शिक्षकद्वारा घरदैलो कार्यक्रम**
- बाल क्लबको गठन र कार्यकलापका लागि सहयोग
- विद्यालय **सरसफाइ अभियान** (हप्तामा एक पटक)
- विव्यस, शिअस तथा शिक्षकहरूको **नियमित बैठक**
- सूचनापाटीमा **आचारसंहिता** प्रदर्शन र अनुगमन
- प्राथमिक उपचारको व्यवस्था तथा बालबालिकाको नियमित **स्वास्थ्य परीक्षण**
- **सह तथा अतिरिक्त कार्यकलाप** सञ्चालन
- अन्तर विद्यालय भ्रमण र **सिकाइको आदानप्रदान**
- **स्थानीय शैक्षिक सामग्रीको** सङ्कलन तथा प्रयोग
- **भयरहित वातावरण** सिर्जना गर्ने
- **गृहकार्य/परियोजना कार्य** दिने र परीक्षण
- **रोचक तथा सक्रिय कक्षा** सञ्चालन
- सहपाठी सहयोगात्मक सिकाइ
- विषयगत शिक्षक सञ्जाल बनाएर अनुभव आदान प्रदान
